**बडीमालिका नगरपालिका**

**१३ औ नगरसभा**

**मितिः २०८० असार १० गते**

**स्थानः बडीमालिका नगरकार्यपालिका सभा हल**

**समयः विहान ११ बजे**

आज मिति २०८० असार १० गतेका दिन यस बडीमालिका नगरपालिकां १३ नगर सभा बैठक नगर प्रमुख श्री अमर बहादुर खड्काको संयोजकत्वमा बसी निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरि निम्नानुशारका निर्णय गरियो।

| सि न | नामथर | पद | कार्यपालिकाको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमर बहादुर खड्का | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री नन्दा कुमारी थापा | नगर उप – प्रमुख | सदस्य | |
| ३ | श्री कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री डम्बर बहादुर महत | २ नं वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री डबल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री धर्मराज पाध्याय | ७ नं वडा अध्यक्ष | सदस्य | |
| १० | श्री चन्द्र बहादुर थापा | ८ नं वडा अध्यक्ष | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | श्री सुर्य किरण वि क | ९ न वडा अध्यक्ष | सदस्य | |
| १२ | श्री बुदे ल्वार | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री लक्षी बि क | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री राजेश वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री तुलशी गिरी (नाथ) | कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री निर्मला बडुवाल | कार्यपालिका सदस्य | सदस्य | |
| १८ | श्री अम्बिका वि क | कार्यपालिका सदस्य | सदस्य | |
| १९ | श्री धना देवि विष्ट | कार्यपालिका सदस्य | सदस्य | |
| २० | श्री ईस्वर बहादुर भण्डारी | १ नं वडा सदस्य | सभा सदस्य | |
| २१ | श्री दलु दानी | १ न वडा सदस्य | सभा सदस्य | |
| २२ | श्री सरीता कार्की | १ न वडा सदस्य | सभा सदस्य | |
| २३ | श्री अनीता चदारा | १ न वडा सदस्य | सभा सदस्य | |
| २४ | श्री मान बहादुर नेपाली | २ न वडा सदस्य | सभा सदस्य | |
| २५ | श्री डब्बल गुयाल | २ न वडा सदस्य | सभा सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४१ | श्री डब्बल ल्वार | ७ न वडा सदस्य | सभा सदस्य | |
| ४२ | श्री पार्वति जोशी | ७न वडा सदस्य | सभा सदस्य | |
| ४३ | श्री झीरु ल्वार | ७ न वडा सदस्य | सभा सदस्य | |
| ४४ | श्री करे रावल | ८ न वडा सदस्य | सभा सदस्य | |
| ४५ | श्री दल ऐडी | ८ न वडा सदस्य | सभा सदस्य | |
| ४६ | श्री नीता कुमारी बडुवाल | ८ न वडा सदस्य | सभा सदस्य | |
| ४७ | श्री सुर्जा थापा | ९ न वडा सदस्य | सभा सदस्य | |
| ४८ | श्री गोरख बहादुर बिष्ट | ९ न वडा सदस्य | सभा सदस्य | |
| ४९ | श्री सौरे ल्वार | ९ न वडा सदस्य | सभा सदस्य | |
| ५० | श्री झुपा सनाइ | ९ न वडा सदस्य | सभा सदस्य | |
| ५१ | श्री रंगमल वि क | प्र प्र अ | सदस्य सचिव | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २६ | श्री निर्मला दमाई | २ न वडा सदस्य | सभा सदस्य | |
| २७ | श्री रुपा रावल | ३ न वडा सदस्य | सभा सदस्य | |
| २८ | श्री जय बहादुर सार्की | ३ न वडा सदस्य | सभा सदस्य | |
| २९ | श्री धन बहादुर रोकाया | ३ न वडा सदस्य | सभा सदस्य | |
| ३० | श्री कलक बहादुर सिँह | ४ न वडा सदस्य | सभा सदस्य | |
| ३१ | श्री दिल बहादुर चदारा | ४ न वडा सदस्य | सभा सदस्य | |
| ३२ | श्रीधौली नेपाली सनाई | ४ न वडा सदस्य | सभा सदस्य | |
| ३३ | श्री रन सिँह साउद | ५ न वडा सदस्य | सभा सदस्य | |
| ३४ | श्री खडक बहादुर साउद | ५ न वडा सदस्य | सभा सदस्य | |
| ३५ | श्री लक्ष्मी कुमारी बुढा साउद | ५ न वडा सदस्य | सभा सदस्य | |
| ३६ | श्री सूचना कुमारी चदारा मिजार | ५ न वडा सदस्य | सभा सदस्य | |
| ३७ | श्री प्रेम बहादुर बडुवाल | ६ न वडा सदस्य | सभा सदस्य | |
| ३८ | श्री परे बडुवाल | ६ न वडा सदस्य | सभा सदस्य | |
| ३९ | श्री मिना लुहार | ६ न वडा सदस्य | सभा सदस्य | |
| ४० | श्री लोकेन्द्र रोकाया | ७ न वडा सदस्य | सभा सदस्य | |

Scanned with CamScanner

बडीमालिका नगरपालिकाको १३ औं नगरसभामा कर्मचारीहरुको उपस्थिती

| क्र.स. | नामथर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | हिम्मत ब. रावल | इन्जिनियर | | |
| २ | पुष्पराज ओझा | प्र. अधिकृत | | |
| ३ | विमला उपाध्याय | लेखा अधिकृत | | |
| ४ | मान ब रावल | ~~पशु~~ सेवा टेक्नि | | |
| ५ | टेकु ब. खड्का | स्वास्थ्य शाखा प्रमुख | | |
| ६ | रमेश कि.ठ. | ना.प्रा.स. | | |
| ७ | नवराज पण्डित | ना.प्रा.स | | |
| ८ | हेम ब. थापा | सूचना प्रविधि अधिकृत | | |
| ९ | प्रमिला थापा | रोजगार संयोजक | | |
| १० | गोपाल महत | सहायक पशु | | |
| ११ | शेर बहादुर बुढा | सब इन्जिनियर | | |
| १२ | गंगा ब रोकाया | अ. सब इन्जिनियर | | |
| १३ | पुरन चदारा | रोजगार प्राविधिक | | |
| १४ | अंगद ब. रावल | खेल प्रशिक्षक | | |
| १५ | गोपाल बहादुर भण्डारी | अधिकृत (छैटौं) | | |
| १६ | सन्तोषी दानी (थापा) | casemanager | | |
| १७ | राधिता शाही | इ.डि.एफ | | |
| १८ | केशरी रोकाय | प्र. पि.नि | | |
| १९ | ललिता दानी | सि.अ.न.मी | | |
| २० | ईश्वरी कु. कार्की | प्र. स | | |
| २१ | कमला थापा | का.स | | |
| २२ | ~~सरिता ठकुल्ला~~ | ~~[illegible]~~ | | |
| २३ | सन्तोष नेपाली | अमिन | | |
| २४ | मदन ब. दानी | का. स | | |
| २५ | मोहन राज पण्डित | प्र पशुस्वास्थ्य शाखा. | | |
| २६ | नन्द ब थि ठ | ड न गा पि | | |
| २७ | मान ब. रावल | | | |
| २८ | गोरख ब. बोहरा | सवारी चालक | | |
| २९ | कल्ला बा दानी | रोजगार सहायक | | |

| | | | | |
|---|---|---|---|---|
| ३० | भानुभक्त जोशी | राजस्व सहायक | | |
| ३१ | सरिता शुक्ला | वी.न.पा. ६ सचिव | | |
| ३२ | सरस्वती थापा | वी.न.पा. ६ | | |
| ३३ | क्षमा पाण्डे | | | |
| ३४ | हिरादेवी वि.क. | वी.न.पा. ६ | | |
| ३५ | कल्पना शाह | मामला व्यवस्थापक | | |
| ३६ | शारदा के.सी. | GPS SW | | |
| ३७ | सिमा नाथ | वी.न.पा. ४ | | |
| ३८ | शंकर प्र. उपाध्याय | वी.न.पा. | | |
| ३९ | हिमाल ब. धामी | वी.न.पा | | |
| ४० | शुशिला धामी | वी.न.पा. | | |
| ४१ | कलक चदारा | वी.न.पा | | |
| ४२ | कृष्ण चदारा | वी.न.पा | | |
| ४३ | गोपी नेपाली | वी.न.पा | | |
| ४४ | विर ब. चदारा | " | | |
| ४५ | अमर ब. बडुवाल | वी.न.पा - ६ | | |
| ४६ | गोरख ब. रावल | वी.न.पा - वडाध्यक्ष | | |
| ४७ | कुमराज खड्का | वी.न.पा - ३ | | |
| ४८ | राम ब. आग्री | वी.न.पा. २ | | |
| ४९ | फुल ब. विष्ट | " | | |
| ५० | सिर्जना वि.क. | वी.न.पा ६ | | |
| ५१ | अमृता कु. कार्की | वी.न.पा ६ (PSW) | | |
| ५२ | ज्ञानेन्द्रराज पाध्याय | पत्रकार | | |
| ५३ | दिपक ब. मल्ल | अध्यक्ष पत्रकार संघ | | |
| ५४ | ~~सुमित्रा थापा~~ | ~~रेडियो परिसर~~ | | |
| ५५ | मिनु ब. खड्का | रेडियो परिसर | | |
| ५६ | वीरमल थापा | सि.डि.अ. | | |
| ५७ | कृष्ण ब. शाह | संयोजक | | |
| ५८ | ~~सोम ब. शाह~~ | वी.न.पा | | |
| ५९ | ~~विष्णु बहादुर~~ | " | | |
| ६० | ~~लक्ष्मी/ हाती~~ | " | | |
| ६१ | ~~सुशीला थापा~~ | " | | |
| ६२ | विन्द्रा राउत | " | | |
| ६३ | ~~शारदा खत्री~~ | " | | |

| | | | | |
|---|---|---|---|---|
| ९८. | दुर्गा क्षेत्री | OJT. sub ofcr | Durga | |
| ९९ | गोरख रावल | सहत्र गाँउ पा | [illegible] | |
| १०० | प्रेम ब. महर्ज | सहायक पार्चो | [illegible] | |
| १०१ | रवडक राना | का. सं. | [illegible] | |
| १०२ | टेक ब विष्ट | पत्रकार | [illegible] | |
| १०३ | गगन ब टेप | ,, | [illegible] | |
| १०४ | काशीचन्द्र पाध्याय | सिभडेवे | [illegible] | |
| १०५ | कृष्ण चंदारा | टेक्निकल सहायक | [illegible] | |
| १०६ | शान्ती तिर्खेलिना | व न. पा. 6 | सान्ती | |
| १०७ | कृष्ण ब रवड्का | प्रेस कम प्रमुख बे.न.पा. ३ | [illegible] | |
| १०८ | मनिराम खत्री | लोकपाल | [illegible] | |
| १०९ | गोपाल उरेडा | का. ६ | गोपाल | |
| ११० | दीप कोलिडिड | | दीप [illegible] | |
| १११ | असगर आली | | [illegible] | |
| ११२ | पदम क राना | के न पा - ८ | [illegible] | |
| ११३ | तुला थापा | सहयोगी | [illegible] | |
| ११४ | त्रिभुवन रावल | कांम ३ | [illegible] | |
| ११५ | कृष्ण आगी | [illegible] | [illegible] | |
| ११६ | [illegible] | OJT | [illegible] | |
| ११७. | समिता तिर्खेलिना | डी. सम्पादक | Samita | |
| ११८ | राजेन्द्र व. रोखाया | रि० नेपाल टेलि | [illegible] | |
| ११९ | चन्द्रा तिर्खेलिना | ~~[illegible]~~ OJT | [illegible] | |
| १२० | रमेश तिर्खेलिना | OJT | [illegible] | |
| १२२ | चमें [illegible] | | [illegible] | |
| १२३ | भरत वि० [illegible] | [illegible] | [illegible] | |
| १२४ | नविन थापा | OJT | [illegible] | |
| १२५ | धर्म [illegible] | चन्द्रसिंह रोका | [illegible] | |
| १२६ | विमला रावल | मे. वि. - कोर्ति | [illegible] | |
| १२७ | मिरा वि.क | | [illegible] | |
| १२७ | पुष्पराज बडुवाल | आजको रावल | [illegible] | |
| १२८ | प्रेम वि.क. | | [illegible] | |
| १२९ | चन्द्रदेव लुडा | | न-रवलोदार | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | ~~श्री कल्पना शाह~~ | क. नि. पा | | |
| ६५ | ~~श्री अमृता क्षत्री~~ | " — | | |
| ६६ | श्री गन्धे चपाई | कोपका | गन्धे | |
| ६७ | श्री बिन्दु बडाल | सहायक महिला विकास निरिक्षक | [signature] | |
| ६८ | श्री शोभा कु शाह | " | [signature] | |
| ६९ | श्री रुद्रराज राथौर | प्रानधिकशाखा | [signature] | |
| ७० | श्री दिल ब थापा | ह्यु ह्यालोजिस्ट | [signature] | |
| ७१ | श्री नवराज बुढा | अ. म. इ. | [signature] | |
| ७२ | डा. मित्र बं. थापा | " | [signature] | |
| ७३ | श्री प्रमोद विक | ना | Pramod | |
| ७४ | श्री पुष्पा जोशी | जुगाडा सहकर्ता | [signature] | |
| ७५ | राजेन्द्र बिष्ट | सवारी चालक | [signature] | |
| ७६ | पद्मबरावल | सवारी चालक | [signature] | |
| ७७ | मन ब. महत | का. स. | [signature] | वडा नं. ८ |
| ७८ | सुनिता कु सुनार | वडा सचिव ९ | [signature] | |
| ७९ | जय बहादुर रावल | का. स. ८ | [signature] | |
| ८० | जनक कार्की | प्राविधिक सहायक | [signature] | वडा नं. -२ |
| ८१ | अमृता बिक | CPSW | [signature] | वडा नं ९ |
| ८२ | कुर्ण ब. रावल | व्यवस्थापक (सोधा) | [signature] | |
| ८३ | गोरख रावल | बुहत खानेपानी | गोरख | वडा नं. ८ |
| ८४ | समिता कु बोहरा (रावल) | पोषण सहजकर्ता | [signature] | वडा नं. ८ |
| ८५ | गगन ब रेउग्मी | | [signature] | वडा नं ८ |
| ८६ | दिलमाया बिष्ट | OJT (अनिन) | [signature] | वडा नं: 7 |
| ८७ | Sangita Dangi | on the job traing | [signature] | वडा नं. 7 |
| ८८ | प्रकाश चन्द | OJT (अनिन) | [signature] | तिलेश्वी न. पा -१ |
| ८९ | राम बहादुर कटवाल | बे. नी. पो. प्रा. स | [signature] | बे. नी. पो. |
| ९० | पदम बहादुर सिंह | अन्नपूर्ण पोस्ट | [signature] | |
| ९१ | कविता कु सुवेदी | उ. वि. ब | [signature] | MRW |
| ९२ | ग्रामीर महत | बे. नी. बि. कु. का. से | [signature] | |
| ९३ | सुनिता बि. क. | बे. नी. पा. ९. | | |
| ९४ | रतन स्नाल | बडिमालिका स्वास्थ्य शाला | [signature] | स्वास्थ चौकि |
| ९५ | Vimala थापा | बुढीगंगा स्वा. चौ. | Bimala. | क. न. पा. |
| ९६ | मदन बिक | बडिमालिका कापी | पत्रकार | पत्रकार |
| ९७ | जनक बोहरा | बागमती हेलिमिल | " | [signature] |

# बडिमालिका नगरपालिका १३ औं नगर सभाको निर्णयहरु

(२०८०/३/१० र ११ गते)

**प्रस्ताव र निर्णयहरु**

प्रस्ताव नं.१ : आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.२ : आर्थिक वर्ष २०८०/०८१ को विनियोजन विधेयक पारित सम्बन्धमा ।

प्रस्ताव नं.३ : आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विधेयक पारित सम्बन्धमा ।

प्रस्ताव नं.४ : विभिन्न विधेयक प्रस्ताव पारित सम्बन्धमा ।

प्रस्ताव नं.५ : बजेट रकमान्तर सम्बन्धमा ।

प्रस्ताव नं.६ : छुट कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.७ : अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.८ : न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं.९ : गैर सरकारी संस्थाहरुको कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं.१० : कर्मचारी म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.११ : क्रमागत तथा छुट योजना सम्बन्धमा ।

प्रस्ताव नं.१२ : आपतकालिन कार्य सञ्चालन सामग्री खरिद सम्बन्धमा ।।

प्रस्ताव नं.१३ : योजना तथा कार्यक्रममा वैकल्पिक बजेट प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं.१४ : भौतिक निर्माण तथा पुरातात्विक पूर्वाधार सम्वन्धमा ।

प्रस्ताव नं. १५ : योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्बन्धमा

प्रस्ताव नं. १६ : खरिद तथा योजना अनुगमन सम्बन्धमा

प्रस्ताव नं. १७ : विषयगत समितिका कार्यक्रम कार्यान्वयन सम्बन्धमा

प्रस्ताव नं. १८ : विषयगत समिति जिम्मेवारी फेरवदल सम्बन्धमा

प्रस्ताव नं.१९ : धन्यवाद सम्बन्धमा ।

प्रस्ताव नं. २० : वेरुजु सम्परीक्षण तथा नियमित सम्बन्धमा ।

निर्णय नं.१ : प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुंदा यस नगरपालिकाको आ.व. २०८०/०८१ को देहाय बमोजिमका नीति तथा कार्यक्रम नगर सभाका सदस्यहरुको सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

**नीति तथा कार्यक्रम**

# बडीमालिका नगरपालिकाको तेह्रौं नगर सभा मिति २०८० असार १० गते नगर प्रमुख श्री अमर बहादुर खड्काले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

बडीमालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

https://badimalikamun.gov.np

Scanned with CamScanner

**"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार**
**बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार"**

बडीमालिका नगरपालिकाको तेह्रौं नगर सभामा उपस्थित बडीमालिका नगरपालिकाका उपप्रमुखज्यू, नगर सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, सम्पूर्ण कर्मचारीज्यूहरु, जिल्लास्थित सवै सरोकारवाला निकायहरु, सञ्चारकर्मीज्यूहरु, देश विदेशमा रहनु भएका समग्र बडीमालिका नगरवासीज्यूहरु बडीमालिका नगर सभाको तेह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

आजको यस बडीमालिका नगर सभाको यस गरिमामय सभामा बडीमालिका नगरपालिकाको प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । वि.स. २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित भई कार्यभार सम्हालेको एक वर्ष पुरा भएको छ । यस अवधिमा नगरको विकास, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनी गरिएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायहरुवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि बडीमालिका नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

एक वर्षे कार्यकालमा बडीमालिका नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानूनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगत देखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्रातिशीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नविन, सिर्जनात्मक र सहरी सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको शुरुवात गरिएको छ । नगर सभा, नगर कार्यपालिका, सचिवालय, विभाग र वडास्तरवाट सम्पादन गर्नुपर्ने काम कारवाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ ।

नगरसभा र नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतीको विकास गरिएको छ । समितिको क्षेत्राधिकार भित्रका विषयमा व्यवस्थापकीय तथा कार्यकारी भूमिका समितिवाटै निर्वाह गर्ने अभ्यासलाई शुरुवात गरिएको छ । आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानून तर्जुमा, योजना तथा परियोजनाको निर्माण, सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग र नगरवासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसात् गर्दै अधिकतम पारदर्शी शासन प्रशासन सञ्चालन गर्ने दिशामा निर्देशित भएका छौं ।

मूलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिष्ट हो । सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज वनाउन अनिवार्य छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्वन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । यसका लागि बडीमालिका नगरपालिकाले प्रदेश सरकारसँगको साझेदारीमा नवप्रवर्द्धन कार्यक्रम मार्फत "प्रविधि मैत्री बडीमालिका" सेवा आ.वा. २०८०/०८१ को श्रावण १ गतेबाट सुरु गर्नेछौं । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी

तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सवै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

अव म यस सम्मानित सभामा चालु आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. बडीमालिका नगरपालिकाले सूचना र प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाह गर्न नगरपालिका र सुदूरपश्चिम प्रदेश सरकारसँगको साझेदारीमा नवप्रवर्द्धन कार्यक्रम मार्फत प्रविधि मैत्री बडीमालिका कार्यक्रम संचालनको चरणमा रहेको छ । यस कार्यक्रममा नगरपालिकाको सेवा र प्रविधि मैत्री शिक्षा कार्यक्रम सुरु गरिनेछ ।
२. विद्यालयहरुमा कक्षा ४ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम हाम्रो बडीमालिका सुरु गरेका छौ
३. बडीमालिका नगरपालिका क्षेत्रका सामुदायिक विद्यालयमा अध्ययन गर्ने एसइ परिक्षा दिई बसेका विद्यार्थीहरुलाई निशुल्क कम्प्युटर कक्षा तथा ब्रिज कोर्ष कक्षा संचालन गरिएको छ ।
४. बडीमालिका नगरपालिकाले घोषणा गरेको निशुल्क एम्बुलेन्स सेवा मार्फत नगरवासीहरुलाई निशुल्क एम्बुलेन्सको सेवा उपलब्ध गराईएको छ ।
५. नेपाल दुरसंचार प्राधिकरणसँगको साझेदारीतामा नगर क्षेत्रका १५ वटा सामुदायिक विद्यालयहरुमा निशुल्क इन्टरनेश सेवा संचालन गरेका छौ ।
६. बडीमालिका नगरपालिका ७, ढम्कनेमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी सेवा सुचारु गरिएको छ
७. वजार क्षेत्रको फोहर व्यवस्थापन, नाला सरसफाई गर्ने कार्य निरन्तर भईरहेको छ ।
८. बडीमालिका यात्रा वर्ष २०७९ सुरु गरी पर्यटन प्रवर्द्धनमा टेवा पुगेको छ जसका कारण आन्तरिक तथा वाह्य पर्यटकहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ । साथै बडीमालिका क्षेत्रको पर्यटन पूर्वाधारको विकास गर्न चालु आर्थिक वर्षमा नेपाल पर्यटन बोर्डसँग साझेदारी गरी फोहर व्यवस्थापन प्रणाली ५ वटा किट निर्माण गरिएको छ । पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने उद्देश्यले सचेतना तथा क्षमता विकासका लागि नेपाल पर्यटन बोर्डसँग साझेदारीमा १६ जना ट्रेकिङ गाईड र ५० जनाले होम स्टे तालिम प्राप्त गरेका छन ।
९. कृषि ज्ञान केन्द्र/कृषि विकास निर्देशनालय र बडीमालिका नगरपालिकाको साझेदारीमा मार्तडी कृषि बजार निर्माण संचालनको चरणमा रहेको छ ।
१०. कृषकहरुको उत्पादनलाई वजारसम्म जोड्न कृषि एम्वुलेन्स संचालनमा ल्याएका छौ ।
११. विपन्न नागरिकहरुको स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराईएको छ ।
१२. कालाजग्रा पर्यटन पार्कको पूर्वाधारको काम अन्तिम चरणमा पुगेको छ । कालाजग्रामा आन्तरिक र वाह्य पर्यटकको वृद्धि भएको छ ।

Scanned with CamScanner

१३. जिल्लामा संचालित सुरक्षित आवासगृह (सेफ हाउस) लाई व्यवस्थापन गर्न वडीमालिका नगरपालिकाको अगुवाई र समन्वयमा कार्यविधि निर्माण गरी भवन निर्माणको बजेट सुनिश्चितताका लागि पहल गरिएको छ ।

**आदरणीय नगर सभा सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८०/०८१ मा यस नगरपालिकाले आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन तथा संस्थागत सुशासनको क्षेत्रमा विकासमुलक कार्य सञ्चालन गर्न गरिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक विकास क्षेत्र

कृषि क्षेत्रको कार्यनीति

- आर्थिक समृद्धिको पहिलो आधार कृषि भन्ने मुल नाराका साथ नगर क्षेत्रको कृषि सम्भाव्यता अध्ययन गरी माटो, जलवायु सुहाउँदो खेती प्रणालीको विकास गर्दै व्यवसायिक कृषिमा जोड दिइने छ ।
- कृषि पूर्वाधार, सुनिश्चित बजार भन्ने नारालाई आत्मसात गर्दै समुदायस्तरमा सङ्कलन केन्द्रहरुको स्थापना, गुणस्तरिय उत्पादन गर्ने कृषकहरुको कृषि उत्पादनको बजारीकरणमा नगरपालिकाले सहजीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- एक गाउँ, एक नमुना कृषि उत्पादन कार्यक्रम अन्तरगत कृषि पकेट क्षेत्र निर्धारण गरी कृषिजन्य वस्तुको उत्पादनमा वढोत्तरी गरि खाद्यान्नमा आत्मनिर्भर वनाइनेछ ।
- जमिन बाँझो नराखौं, माटोले मागेको रोपौं भन्ने अभियान अन्तरगत कृषकहरुलाई फलफूल खेती, मौसमी/वेमौसमी तरकारी खेती र रैथानेबालीको उत्पादनमा प्रोत्साहन गरिने नीति लिइनेछ ।
- नगरभित्र उत्पादित आलु, गोलभेंडा प्याज जस्ता तरकारी जन्य उत्पादनहरु नगर बाहिर निर्यात हुने कृषि उपजलाई वडा स्तरमा सहकारी तथा संकलन केन्द्र मार्फत संकल गरी मार्तडी वजारमा रहेको कोल्ड स्टोर तथा कृषि बजार मार्फत विक्री गर्ने व्यवस्था गर्ने तथा जति धेरै उत्पादन, त्यति धेरै अनुदान भन्ने नाराका साथ अनुदान उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।
- सबै प्रकारका जमिनलाई खेर जान नदिन कृषि योग्य भूमीको पूर्ण उपयोग गरी सघन खेती प्रणालीको माध्यमबाट कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।
- प्रविधिमैत्री कृषि प्रणालीमा जोड दिन कृषकहरुलाई प्रविधि खरिदमा सहुलियत तथा करछुटमा सहयोग गर्ने नीति लिइने छ ।

Scanned with CamScanner

- व्यवसायिक कृषि उत्पादनमा कृषकलाई सघाउ पुर्‍याउन प्रत्येक किसान उत्पादक वनौं, प्रत्येक उत्पादनलाई उद्यममा जोडौं भन्ने उद्घोष सहित सोहि अनुसारका कार्यक्रमहरु संचालन गरिनेछ।
- सामुदायिक विद्यालयको दिवा खाजा कार्यक्रममा कच्चा पदार्थको रूपमा स्थानीयस्तरमा उत्पादित रैथाने बालीको उत्पादन खरिद गरी तयार गरिएका खाद्य परिकार समावेश गर्नुपर्ने नीति लागू गरिनेछ ।
- तेलहन बालीको प्रवर्द्धन गरी स्थानीय परम्परागत तेल उत्पादनमा प्रोत्साहन गरिने छ ।
- स्थानीय रैथानेबाली प्रवर्द्धनका लागि कोदोको कुकिज तयार गर्न सार्वजनिक नीजि साझेदारिताको नीति अनुरुप कोदोको कुकिज उद्योग स्थापना गरि रैथाने बाली उत्पादक कृषकहरुको उत्पादनलाई सहज बजारीकरण गर्दै कोदो र अन्य रैथाने बालीमा आत्मनिर्भर बनाउन विषेश कार्यक्रम संचालन गरिने छ ।
- चोतो पिडालु उत्पादनमा वृद्धि गर्न चोतो पिडालु वहुपरिकार उत्पादन उद्योगमा प्रोत्साहन गरिने छ ।
- उत्पादित कृषिउपज विक्री नहुने हालको समस्यालाई दिगो समाधान गर्नका लागि बजारीकरण मोडल तयार गरि वडा कार्यालय मार्फत लागू गरिनेछ ।
- प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा मार्तडी बजारमा निर्माणाधिन कोल्ड स्टोर सहितको एकिकृत कृषि वजारको निर्माण कार्य समयमै सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

पशुपन्छि क्षेत्रको विकासका लागि कार्यनीति

- उन्नत जातका पशुपन्छिपालनमा कृषकहरुलाई प्रोत्साहन गर्ने र विभिन्न प्रकारका रोगहरुको पहिचान तथा उपचारमा प्राविधिक सहयोग गर्ने नीति लिइनेछ ।
- वाँझो जमिन, सामुदायिक वन र अन्य सडक किनार आसपास र खुला क्षेत्रमा डालेघाँस तथा भुईघाँस खेती गरी पशुपालन व्यवसायलाई थप मजवुत वनाइनेछ ।
- व्यवसायिक मासु उत्पादन र बिक्रि वितरण गर्न नगरपालिकाभित्र आधुनिक कोल्डस्टोरको स्थापना गर्नका लागि पहल गरिनेछ ।
- कृषि तथा पशु विमा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- दुहुना गाई भैंसी पालनलाई प्रोत्साहन गर्न सुत्केरी गाई/भैंसी प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

Scanned with CamScanner

- नश्ल सुधारको लागि भाले पशुहरु वितरण र कृतिम गर्भाधारणको कार्यक्रम संचालन गरिनेछ।
- दुधमा आत्मनिर्भर बनाउन मार्तडी बजारमा दूध डेरी तथा संकलन केन्द्रलाई प्रोत्साहन तथा दुध ढुवानीमा अनुदान व्यवस्था गरिने छ ।

रोजगार तथा उद्यम सम्बन्धी कार्यनीतिहरु

- स्वरोजगार युवाको सम्मान, नगरवासीको पहिचान भन्ने अभियानका साथ बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन उनिहरुलाई व्यवसायिक योजना तयार गर्ने कार्यमा सहजीकरण गर्ने नीति लिईने छ ।
- नगरमा सञ्चालन हुने सवैं प्रकारका रोजगारहरुमा स्थानीय युवाहरुलाई संलग्न गराउन पहल गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक स्रोत समेत थप गर्ने तथा विभिन्न संघसंस्थाबाट सीपमुलक तथा व्यवसायिक तालिम प्राप्त व्यक्तिहरुलाई रोजगारमा जोड्न नगरपालिका रोंजगार सेवा केन्द्रमा सुचिकृत व्यरोजगार व्यक्तिहरुलाई प्राथमिकिकरण गर्न सिफारिस गरिनेछ ।

संस्कृति तथा पर्यटन प्रवर्द्धनका कार्यनीतिहरु

- पर्यटकीय गुरुयोजना तयार गरि सोहि अनुसार पर्यटन तथा सांस्कृतिक विकासका लागि दिगो योजना अनुसार कार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- आ.व. २०७९।०८० बाँट शुरु गरिएको बडीमालिका यात्रा वर्ष लाई यस वर्षपनि निरन्तरता दिने तथा बडीमालिकाको पर्यपटन प्रवर्द्धन तथा पर्यटन पुर्वाधारका लागि गुरु योजना निर्माण गरिनेछ ।
- विभिन्न जातजातिहरुको मौलिक कला, परम्परा, रितिरीवाज, संस्कृति, भाषा, भेषभूषा र सभ्यताको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । स्थानीय बाजा संरक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । विभिन्न जात जाति धर्म समुदायहरुको कला धर्म संस्कृतिको उच्च सम्मान गर्दै मठ मन्दीर, गुम्बा, चर्च लगायत पुरातात्विक क्षेत्रको संरक्षण गरिनेछ ।
- बडीमालिका नगरपालिकाको महत्वपूर्ण पर्यटकीय स्थानहरु विरेखोला' झरना, बडीमालिका मन्दिर उपरकोट, कालाजग्रा पर्यटकीय क्षेत्र, दहडाँडा, जाल्पादेवि मन्दिर क्षेत्र, त्रिवेणी पाटन लगायत सुन्दर तथा धार्मिक स्थानको संरक्षण, प्रवर्द्धनका लागि पर्यटन गुरुयोजनाले निर्दिष्ट

Scanned with CamScanner

गरेका कार्यक्रम तथा पुर्वाधारको विकास गरिनेछ ।

उद्योग, व्यापार व्यवसाय, सहकारी तथा वित्तिय क्षेत्रका कार्यनीतिहरु

- नेपाल सरकार, प्रदेश सरकारको औद्योगिक ग्रामको स्थापना गर्ने नीति अनुसार बडीमालिका नगरपालिकामा औधोगिक ग्राम स्थापनाका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

  औद्योगिक पूर्वाधार निर्माणमा सार्वजनिक-नीजि साझेदारी अवधारणा वैदेशिक लगानीलाई आकर्षण गरिनेछ ।

- एक घर एक सहकारी सदस्य नीतिलाई अवलम्बन गरिनेछ । सहकारी नीति अनुरुप सहकारीका रुपमा कृषि पशुपालन र पशुजन्य उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।

  सहकारी क्षेत्रको संस्थागत क्षमता अभिबृद्धि गर्न लेखा व्यवस्थापन तालिम संचालन गरिनेछ। सहकारी मार्फत यस नगरपालिकाले आर्थिक समृद्धि प्राप्त गर्न सक्ने सम्भावना रहेकाले साना सहकारीहरुलाई एकीकृत गर्दै पूँजी विस्तार र परिचालनमा जोड दिईनेछ ।

पूर्वाधार विकासका कार्यनीतिहरु

- दिगो, गुणस्तरीय, पर्यावरणीय अनुकुल भौतिक पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ।
- उपभोक्ता समितिबाट संचालन हुने आयोजनाहरुको हकमा अंग्रेजी भाषाबाट बन्दै आएका विकास आयोजनाको लागत इस्टमेट नेपाली भाषामा बनाईने कार्यलाई निरन्तरता दिइनेछ छ।
- निर्माणाधिन बडीमालिका चक्रपथको स्तरोन्नती एवम विस्तार कार्यलाइ तिव्रता दिई निरन्तर गरिने छ ।
- बडीमालिका नगरपालिका संग जोडिने छिमेकी स्थानीय तह जोड्ने सडक, पुल तथा जिल्लाकै प्रमुख राजमार्गलाई वैकल्पीक राजमार्गका रुपमा विकास गर्न थामलेख-मार्तडी सडक पुर्ण रुपमा निर्माणका लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी निर्माण कार्यमा तिव्रता दिन बडीमालिका नगरपालिकाले नेतृत्वदायी भूमिका लिने गरि पहल गरिने छ ।

  नगरका सवै वडा केन्द्र तथा विभिन्न वस्तीहरुसम्म जोड्ने नगर सडकहरुको स्तरोन्नती तथा विस्तार गरिने छ ।

- दिगो, सुन्दर, व्यवस्थित,वैज्ञानिक शहरिकरणका लागि राष्ट्रिय भवन निर्माण संहिता,

Scanned with CamScanner

बडीमालिका नगरपालिकाको "भवन निर्माण सम्वन्धी मापदण्ड २०७७" पुर्ण रुपमा लागु गरिनेछ ।

नक्सापास विना घर वनाउने कार्यलाई निरुत्साहित गरिनुको साथै मापदण्ड अनुसार घर निर्माण गर्न प्रोत्साहन गरिने छ ।

- कोर्धालिगाड विद्युत लाईन विस्तार तथा स्तरोन्नतीको र थप नयाँ प्लान्ट निर्माणका लागि पहल गरिने छ ।
- नगरपालिकाको शहरी पूर्वाधार विकासका साथै संस्थागत क्षमता विकासका लागि नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभाग अन्तरगत नगर विकास कोषको ऋण लगानीमा शहरी पूर्वाधार आयोजना कार्यान्वयनका लागि पहल गरिनेछ ।
- मार्तडी बजार क्षेत्रबाट उत्सर्जन हुने फोहोरमैलाको दिगो, वैज्ञानिक व्यवस्थापन गर्न नगर क्षेत्रभित्र उपयुक्त स्थानको छनौट गरि सहरीपूर्वाधार आयोजना मार्फत ल्याण्डफिल्ड साइट निर्माणका लागि विशेष पहल गरिनेछ ।
- खानेपानीको समस्या रहेका सवै बस्तीहरुमा खानेपानी विस्तृत अध्ययन प्रतिवेदन तयार गरी खानेपानीका आयोजना मर्मत तथा निर्माणको कार्य सञ्चालन गरिनेछ ।
- वडाको प्रशासनिक कामकाज एवम सेवा प्रवाहमा सहंजता ल्याउन सविधा सम्पन्न, अपाङ्गमैत्री वडा कार्यालय प्रशासनिक भवन निर्माण कार्य आगामि ३ वर्षसम्म सम्पन्नहुने गरि प्रकृया अगाडि वढाइने छ ।
- नगर गौरवका आयोजनाहरु छनौट एवम प्राथमिकिकरण गरि एकिकृत विकास कार्यलाई अवलम्वन गर्नका लागि एकिकृत नगर विकास योजना तयार गर्न पहल गरिनेछ ।
- हाल संचालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न साझेदारीमा आयोजना निर्माण गरिने नीति लिइनेछ ।

सञ्चार तथा सूचना प्रविधि विकासको कार्यनीतिहरु

- सूचना प्रवाह, आन्तरिक समन्वयलाई थप प्रभावकारी बनाउन जनप्रतिनिधि, विषयगत शाखा, मातहतका कार्यालयहरुलाई एकैसाथ सूचना प्रवाह हुने गरी "ई-सम्पर्क" संयन्त्रको विकास गरिनेछ ।
- नगरपालिकाको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्न टोल फ्री नम्बर, अडियो नोटिस वोर्ड, नगरपालिकाको वेबसाइट, मेल, एप्स, एसएमएस प्रणाली, फेसबुक, ट्वीटर पेजलाई प्रभाकारी रुपमा संचालन गरी तत्काल सुझाव संकलनको लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।

- बडीमालिका नगरपालिकाको सुशासका क्षेत्रमा कलम चलाउने एक जना पत्रकारलाई शुसासन पत्रकारिता पुरस्कार मार्फत पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको समग्र क्षेत्रको विकासमा अध्ययन अनुसन्धान गर्ने सञ्चारकर्मी, अनुसन्धान विद्हरुबाट विकासमूलक अनुसन्धानमा खर्च गर्ने गरि कोष छुटयाउने रणनीति अवलम्वन गरिनेछ ।

सामाजिक विकास नीति

शिक्षा विकासका कार्यनीतिहरु

- नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्थाको नक्सांकन गरी भुगोल र न्युनतम विद्यार्थी संख्याको आधारमा विद्यालयलाई समायोजन गरिने नीति लिइनेछ ।
- प्रधानाध्यापकको नियुक्ति खुल्ला प्रतिष्पर्धा मार्फत मात्र गरिने नीति अवलम्वन गरिनेछ ।
- नगरभित्र प्राविधिक जनशक्ति उत्पादनलाई प्राथमिकता दिई भौतिक संरचना भएका नगरका कुनै दुईवटा सामुदायिक माध्यामिक विद्यालयलाई कृषि तथा अन्य प्राविधिक शिक्षण संस्थाको रुपमा विकास गर्न पहल गरिनेछ ।
- सवै माध्यमिक विद्यालयमा सुचना प्रविधि प्रयोगशाला र उच्च गतिको ईन्टरनेट्र सुविधा विस्तार गरी अन-लाईन कक्षालाई व्यवस्थित गरिने छ ।
- विद्यालय अनुगमन नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ । यस आ.व.मा सवै विद्यालयमा फेस इ–हाँजिरीको व्यवस्थापन गरि विद्यालय शिक्षक कर्मचारीको हाजिरी व्यवस्थापन नगरपालिकाको नियन्त्रणमा रहने व्यवस्था गरिनेछ ।
- विद्यालयको भौतिक संरचनाहरुलाई अपाङ्गमैत्री,वालमैत्री तथा समावेशी वनाइनेछन् ।
- विद्यालयमा छात्राहरुको सेनीटरी प्याडको प्रयोग, व्यवहार, मनोभावना, ज्ञान र सीपको आदान प्रदान गर्न छात्रासंग उपप्रमुख कार्यक्रम संचालन गरिने छ । माध्यमिक विद्यालयका छात्रालाई महिनावारी समयमा विश्रामका लागि विश्राम कक्ष निर्माण गरिनेछ
- विद्यालयमा वालक्लव गठन गरी वालमैत्री वातावरणको सृजना गरिने छ । वालबालिकालाई नेतृत्व विकाससम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- संस्थागत विद्यालयद्वारा विद्यार्थीलाई प्रदान गर्नु पर्ने १० प्रतिशत छात्रवृत्तिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- प्रत्येक वडामा आइसिटी सम्वन्धी अंध्ययन अध्यापन गराउन शिक्षक समुह गठन गरी प्रशिक्षण गर्ने कार्यलाई विस्तार गरिनेछ । अनलाइन कक्षा संचालन गर्न एवम शैक्षिक

Scanned with CamScanner

गुणस्तर अभिवृद्धिका लागि साझेदार संस्थाहरुसंग समन्वय गरी तालिम सुचना प्रविधि ज्ञान आदान प्रदान कार्यक्रम सञ्चालन गरिने छ ।

- वालविकास केन्द्रलाइ भौगेलिक दुरी, वालबालिकाको संख्या हेरी आवश्यकता अनुसार बालिविकास केन्द्र थप एंवम समायोजन तथा वालविकास केन्द्र सहजकर्ताको आवश्यक योग्यता निर्धारण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ ।

गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि अपनाइने कार्यनीति

- नगरवासीहरुको डिजिटल हेल्थ प्रोफाइल तयार गरि स्वास्थ्य उपचारमा नयाँ प्रविधिमैत्री लागू गर्ने नीति लिइने छ ।
- स्वास्थ्य कार्यालयबाट प्रदान गरिने निशुल्क औजार उपकरण तथा औषधीको लागि नपुग बजेटको ब्यवस्था गरिनेछ, आवश्यकताको आधारमा स्वास्थ्य क्षेत्रको सेवा,जनशक्ति सम्वन्धी संरचना परिमार्जन गरिनेछ ।
- एम्वुलेन्स सेवालाइ थप प्रभावकारी बनाउनका साथै गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, असहाय र विपन्न नागरिकहरुका लागि स्वास्थ्य संस्थाले प्रेषण गरेका नागरिकहरुका लागि पालिका भित्र निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ साथै विपन्न नागरिक उपचार सहायता कार्यक्रम लाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी वनाउन गरिव, विपन्न असहाय ब्यक्तिहरुको प्रिमियममा वढिमा ५० प्रतिशत अनुदान प्रदान गरी बिमा कार्यक्रमा आवद्ध गराइनेछ ।
- स्वास्थ्य सेवाको पहुच बाट टाढा रहेका वडा नं १ को सल्लेना तथा वडा नं ८ को रापकमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरी आधारभुत स्वास्थ्य सेवा विस्तार गरिनेछ ।
- मापदण्ड अनुसार भौतिक संरचना निर्माण, खानेपानी शौचालय, वैकल्पिक उर्जा लगायतका भौतिक सुविधा सम्पन्न स्वास्थ्य संस्था निर्माण गर्दै स्वास्थ्य सेवा प्रवाहमा सहजता ल्याउनका साथै ३ वटा स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार गरी थप स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- स्वास्थ्य सचेतना कार्यक्रमलाई थप व्यवस्थित एवम् समुदायमुखि बनाउन पहल गरिनेछ ।

युवा तथा खेलकुद् विकासका कार्यनीतिहरु

- जोड स्वरोजगारीमा, सम्भावना हरेक गाउँमा भन्ने मुल नाराका साथ युवा स्वरोजगारका लागि साना तथा घरेलु उद्यमशिलता स्थापना गर्ने नीति अवलम्वन गरिनेछ ।

- रोजगार सूचना केन्द्रमा सुचिकृत दक्ष, अर्धदक्ष र अदक्ष वेरोजगार युवाहरुको पहिचान गरी रोजगारीको अवसर प्रदान गर्न गैरसरकारी क्षेत्र र निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीलाई थप मर्यादित र सुरक्षित बनाउन नगरपालिकाले सवै सरोकारवाला निकायसँग सहकार्य गरि कार्यक्रम सञ्चालन गर्ने नीति लिनेछ ।
- युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि युवा लक्षित कार्यक्रम तथा खेलकुद विकास कार्यक्रमलाई जोड्दिइने छ।
- वडा नं. ८ को मार्तडीमा रहेको कवर्डहल तथा सुविधा सम्पन्न राष्ट्रिय स्तरको खेल मैदान निर्माण गर्न प्रदेश तथा संघिय सरकारसंग साझेदारी गरिनेछ ।
- नगरपालिकाका सवै वडाहरुको सहभागिता रहने गरी नगरस्तरमा मेयरकप फुटवल प्रतियोगिता र उपमेयर कप भलिवल प्रतियोगिता संचालन गरिनेछ ।

लैङ्गिक समान्ता तथा समाजिक समावेशीकरण कार्यनीतिहरु

- महिलाहरुको नेतृत्व, सीप विकास, तथा महिला सशक्तिकरणका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- नगर क्षेत्रभित्रका ४५ वर्ष पुरा भएका एकल अविवाहित महिला तथा ५० वर्ष पुरा भएका एकल अविवाहित पुरुषहरुलाई यसै बर्षदेखि सहारा भत्ताको प्रवन्ध मिलाइने छ ।
- महिलामाथि हुने सवै खाले हिंसालाई निरुत्साहित गर्न लैगिक हिंसा रोकथाम तथा प्रतिकार्य तालिम संचालन गरिनेछ ।
- महिलाको साथमा उपमेयर कार्यक्रम तर्जुमा गरी महिला सम्वन्धि लाग्ने जोखिम रोगहरुको उपचारमा सहयोग गरिने छ ।
- वाल क्लबको गठन र पुनर्गठन गरी नगर स्तरीय बाल सञ्जाल समेतको प्रभावकारी परिचालनमा जोडदिइने छ ।
- वालश्रम मुक्त पालिका घोषणाका लागि विभिन्न तथ्यांक संकलन गरि विश्लेषण गरी घोषणा गरिनेछ ।
- जेष्ठ नागरिक आराम तथा भेटघाट चौतारो कार्यक्रम बनाई कार्यान्वयन गर्न पहल गरिनेछ।
- जेष्ठ नागरिक निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तयार गरी सामाजिक, आर्थिक र क्षमतागत

Scanned with CamScanner

विकासमा जोड दिइने छ ।

- अपाङ्गता भएका व्यक्तिहरुका लागि जीविकोपार्जनमुखि कार्यक्रम सञ्चालन गर्न व्यवस्था मिलाईने छ ।
- दलित उत्थानका लागि आवश्यक प्रोफाइल तयार पारि विपन्न दलित परिवारलाई जिविकोपार्जन कार्यक्रम गर्न समन्वय तथा सहयोग गरिनेछ ।
- छुवाछुत अन्त्यका लागि विशेष पहल गरी छुवाछुत मुक्त नगपालिका घोषणाको तयारी गरिनेछ ।
- नगरपालिका भित्र रहेका जनजाती विषेशत भोटे समुदायको उत्थान तथा सहयोगका लागि बडीमालिका आदिवासी जनजाती उत्थान समन्वय समिति गठन गरी जनजाती उत्थान कार्यक्रमलाई निरन्त्रता दिइने छ ।

वन वाताबरण विपद् व्यवस्थापन तथा सरसफाई स्वच्छता विकासका कार्यनीतिहरु

- सम्वृद्धिको लागि वन भन्ने नारालाई सार्थक वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तनवाट हुन सक्ने जोखिम र यसवाट पर्ने जोखिम न्युनिकरणका लागि जलवायु अनुकुलन योजना वनाई कार्यान्वयन गरिनेछ ।
- नदिखोल्सा किनारको दुवै तर्फको कम्तीमा २० मिटर वरपर रुख तथा वोटविरुवा कटानमा पुर्ण प्रतिवन्ध लगाईनेछ ।
- एक रुख कटान गर्दा दुइ रुख रोपण कार्यक्रम कार्यान्वयन गर्न सामुदायिक वनसंग समन्वय गरी पहल गरिनेछ । जन्म तथा अन्य उत्सवमा वृक्षा रोपण गर्न इच्छुक व्यक्तिहरुको लागि दुइ विरुवा उपहार कार्यक्रम संचालन गरिने छ ।
- विभिन्न समयमा आएको वाढीको कारण विपद्को सिर्जना हुदा खोज, राहात र उद्धारका कार्यहरु सरोकारवाला निकायको सहयोगमा पिडितलाई आवश्यक सहयोग कार्यलाई निरन्तरता दिइनेछ ।
- वाढी पहिरोवाट क्षतीग्रस्त संरचनाहरुको समयमै मर्मत सम्भार गरि संचालनमा ल्याइनेछ ।
- नगरक्षेत्रबाट उत्सर्जनं हुने फोहरमैलाको दिगो व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट,फोहर बग्ने नालीहरुको ट्रिटमेन्ट प्लान्ट बनाउन सम्भाव्यता अध्ययन गरी सोही अनुसारको कार्य अगाडी बढाइने छ ।
- स्वच्छ सरसफाईयुक्त वडीमालिका निर्माण अभियान साकार पार्न बर्षको एक हप्तालाई

Scanned with CamScanner

सरसफाई सप्ताह घोषणा गरी सरसफाइका विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकाभित्र प्लास्टिक झोलालाइ पुर्णरुपमा निरुत्साहित गरि स्थानीय बस्तुबाट बनेको झोला प्रयोगमा ल्याउने नीति लिइनेछ ।

संस्थागत विकास तथा सुशासनका कार्यनीतिहरु

- सेवा प्रभावकारी बनाउन परिणाममा आधारित अनुगमन मूल्याङ्क गरि कर्मचारीको प्रगतिप्रतिवेदन तयार गर्ने नीति लिइनेछ ।
- बडीमालिका नगरपालिकाको साँगठनिक संरचना अर्थात Organizational Structure and Management(O&M) तयार गरि लागू गरिनेछ।
- नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रविधि मैन्त्री कर्मचारी व्यस्थापन गर्न कार्यरत कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था मिलाईने छ ।
- सतह ढल नदी तटबन्धन सिचाई र खानेपानीको क्षेत्रगत गुरुयोजना तयार गरिने छ ।
- नगर कार्यपालिकाको कार्यालयका तर्फबाट हाल सम्म तयार भएका नगर गौरवका योजना र अन्य योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन डिपिआर मध्ये कार्यान्वयनको चरणमा रहेका तथा कार्यान्वयन हुन बाँकी रहेका योजनाहरुको औचित्यताका आधारमा अद्यावधिक गरि कार्यान्वयन गरिने छ ।
- नगर क्षेत्र भित्रको जमिनको वर्गिकरणको लागि भू-उपयोग नीति तयार गरी कार्यान्वयन गरिने छ ।
- नदीजन्य पदार्थको उत्खनन संकलनमा समयमै ठेक्का प्रकृया अगाडी बढाउने तथा मापदण्ड विपरित उत्खनन संकलन हुन नदिन उप प्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिलाई थप प्रभावकारी बनाईने छ ।
- नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आर्थिक वर्ष २०८०/०८१ देखिं नै आर्थिक कारोबारोको भुक्तानी प्रक्रिया विद्युतीय कोष स्थानान्तरण प्रणाली मार्फत गर्ने व्यवस्था मिलाईने छ ।
- कार्यसम्पादनका आधारमा पुरस्कार एव दण्ड प्रणाली अवलम्बन गरिनेछ । संस्थागत सुशासन प्रवर्द्धनका लागि भष्ट्राचार विरुद्ध शुन्य सहनशिलताको नीति अपनाईने छ ।
- सार्वजनिक खरिद प्रणालीलाई स्वच्छता पारदर्शिता प्रतिस्पर्धि मितव्ययिता विश्वसनियता कायम गर्न वार्षिक खरिद योजना तर्जुमा गरि पूर्ण रुपमा कार्यान्वयन गरिने छ । साथै विद्युतिय बोलपत्रको पूर्ण रुपमा प्रयोग गरिने छ ।

Scanned with CamScanner

- सेवा प्रवाहलाई नागरिक मैन्त्रि बनाउन बार्षिक कम्तिमा एक पटक एकिकृत घुम्तिसेवा शिविर सञ्चालन गरिने छ ।
- नगरपालिका भित्रको अव्यवस्थित मदिरा विक्रि वितरण प्रकृयालाई व्यवस्थित वनाउन मदिरा तथा सुर्ति जन्य पदार्थ विक्रि वितरण नियन्त्रण सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गरिने छ ।
- विद्युतिय राजश्व भुक्तानी प्रणालीलाई वडा स्तरसम्म विस्तार गरी राजश्व चुहावटलाई पूर्ण रुपमा नियन्त्रण गरिने छ । आन्तरिक आयलाई वृद्धि गर्न आर्थिक वर्ष २०८०/०८१ लाई बडीमालिका नगर कर अभियान वर्षको रुपमा मनाईने छ ।
- रैथाने बाली सम्बन्धि व्यवसाय तथा उद्योगलाई सार्वजनिक-निजी साझेदारिता निर्देशिका अनुसार ५० प्रतिशत करमा छुट गरिने छ ।
- महिला मात्र व्यवसायी भई यस आर्थिक वर्ष देखि दर्ता हुने नयाँ व्यवसायकरमा २५ प्रतिशत छुट दिईनेछ । साथै परिवारमा सरकारी तथा गैर सरकारी निकायमा रोजगार नभएका एकल महिला, दलित,अपाङगता भएका व्यक्तिद्धारा सञ्चालित व्यवसायकरमा ५० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।
- यस नगरपालिका भित्र विदेशमा श्रम गरी स्वदेश फर्की कम्तिमा ५ जना रोगार दिने गरी सञ्चालित व्यवसाय तथा उद्योगलाई व्यवसायकरमा १०० प्रतिशत छुट गरिनेछ । साथै पालिकाबाट प्रदान गरिने अनुदानमा प्राथमिकता दिईनेछ ।
- न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आवद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वियनलाई प्रभावकारी बनाइने छ ।
- समग्र नगर सुरक्षा व्यवस्थापनका लागि नगर प्रहरी सेवा गठन तथा संचालन गरिनेछ ।
- कर प्रशासनलाइ स्वच्छ पारदर्शी जनमैत्री सेवामुखी बनाउन प्रविधिमैत्री बनाइनेछ ।
- करको दायरा विस्तार एवम जनताको कर तिर्न सक्ने क्षमताको आधारमा करका दरहरु समायोजन गरिनेछन् ।
- विद्युतीय राजस्व भुक्तानी प्रणालीलाइ वडास्तरमा विस्तार गरी राजस्व चुहावटलाइ पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्पत्ती कर, घर बहाल कर, व्यवसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ ।
- लक्ष्य अनुरुप सम्पत्तिकर, वहाल कर, वहाल विटौरी शुल्क लगायतका कर संकलनमा

Scanned with CamScanner

सकारात्मक वातावरण श्रृजना गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिका भित्र उच्चतम तथा नियमित कर तिर्ने करदातालाई सम्मान गर्ने नीतिलिइनेछ।
- नगरपालिका क्षेत्रमा संचालित व्यापार व्यवसायलाई करको दायरामा ल्याउनका लागि प्रत्येक वर्ष असोज मशान्त भित्र व्यवसाय कर तिर्नेलाई १० प्रतिशत छुटको व्यवस्था मिलाईनेछ।

भूमी व्यवस्थापनका कार्यनीतिहरु

- सुकुम्वासी सम्वन्धी जीविकोपार्जन र बसोवास व्यवस्थापनका लागि पहल गरिनेछ ।
- भुमिहिन सुकुम्वासीलाई हाल बसोवास गरी लामो समयसम्म भोगचलन गर्दै आएको ऐलानी जग्गालाई लालपुर्जा प्रदान गर्न आवश्यक पहल गरी उनीहरुको अन्य पुर्वाधारमा पहुँच पुऱ्याउन सहयोग गरिनेछ ।
- भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।
- सडक कायमभई घर निर्माण भई सकेका तर हालसम्म लगत कट्टा हुन नसकेका सडक लगत कट्टाको लागि सम्वन्धित निकायसंग समन्वय गरिनेछ ।

अन्त्यमा,

बडीमालिका नगरपालिकालाई जनअपेक्षा अनुरुपको सशक्त र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक सहयोग गर्ने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधिज्यूहरु, विकास साझेदारहरु निकायहरु, विज्ञ सल्लाहकार समूह, निजी क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सुरक्षाकर्मी, पत्रकार, अन्तर्राष्ट्रिय समुदाय, बडीमालिका नगरवासी, बुद्धिजिवी र कर्मचारी वर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। नगरको समग्र विकासको लागि यहाँहरुको साथ र सहयोग सदैव यसरी नै प्राप्त भइरहने छ भन्ने अपेक्षा पनि गर्दछु ।

धन्यवाद !

अमर बहादुर खड्का
नगर प्रमुख
बडीमालिका नगरपालिका
२०८० असार १० गते

Scanned with CamScanner

निर्णय नं.२ : प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ का लागि तपसिल बमोजिमको विनियोजन विधेयक २०८० संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

बडिमालिका नगरपालिका विनियोजन विधेयक, २०८०

आदरणीय सभा अध्यक्ष महोदय,

यस नगरपालिकाको तेह्रौ नगरसभाका सभाध्यक्ष एवं नगरप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, सभाका सदस्यज्यूहरू, उपस्थित महानुभावहरू,

आज हामी तेह्रौ नगरसभामा बडीमालिका नगरपालिकाको "कृषि, शिक्षा, स्वास्थ्य, पर्टयन र पूर्वाधार, बडीमालिका नगरपालिका समृद्धिका प्रमुख आधार" भन्ने दीर्घकालिन सोच सहित आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएका छौ । बडीमालिका नगरपालिकाको बजेट एवम कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यो सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गरिरहँदा गौरबको महशुस गरिरहेको छु ।

नेपालका वीर सहिदहरूको बलिदानले नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिंकल्पना गरेको समाज निर्माण गर्ने प्रणाली स्थापित भएको छ । यस महत्वपूर्ण अवसरमा देश र जनताको उज्जल भविष्यको लागि मुलुकलाई संघीयं लोकतान्त्रिक गणतन्त्र बनाउन आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु ।

हामी जनताका आधारभूत तहका समस्या समाधानका लागि जनप्रतिनिधीको रूपमा उपस्थित भएका छौ र सम्बोधन गर्ने प्रयास पनि गरिरहेका छौ । राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्दै प्रचलित कानुनमार्फत सेवा प्रवाहलाई प्रभावकारी र सुशासनयुक्त एवं प्रविधीमैत्री बनाउन प्रतिबद्ध छौ ।

स्थानीय तहका अधिकार क्षेत्र भनि संविधान र कानूनले परिभाषित गरेका जिम्मेवारी पुरा गर्न हामीले केही कानून र संस्थागत संरचना निर्माण गर्दै अगाडि बढ्ने प्रयास गरेका छौं ।

बजेट विनियोजन गर्दा नेपालको संविधानमा उल्लेखित राज्यका मार्ग निर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८, नगरसभाले पारित नीति तथा कार्यक्रम, कार्यपालिका बैठकवाट निर्धारित बजेटका प्राथमिकता, बस्ती-बस्तीका समस्या, विषयगत समिति, वडा समिति, राजश्व परामर्श समिति, विभिन्न राजनीतिक दल, सरोकारवालाहरू लगायत विभिन्न विकासका साझेदार र विज्ञहरूको सुझावलाई ध्यान दिएर बजेट तथा कार्यक्रम तय गरेको छु ।

आदरणीय सभाध्यक्षज्यू,

आ.व.२०८०/०८१ को बजेटका मुख्य प्राथमिकता र उद्देश्यहरू यस प्रकार रहेका छन्

१- क्रमागत र अधुरा योजनाहरूलाई पहिलो प्राथमिकता प्रदान गर्ने,

२- वडा कार्यालयको लागि आवश्यक पर्ने जग्गा उपलव्धताको आधारमा सबै वडा कार्यालय भवन निर्माण गर्ने,

३- प्रविधिमैत्री बडीमालिकाको संस्थागत विकास एवं दिगो संचालन गर्ने,

४- रैथाने बालीको संरक्षण गर्ने तथा पशुपन्छी र कृषिजन्य वस्तुको उत्पादकत्व वृद्धि गर्ने,

५- बडीमालिका नगरपालिकाको पहिचाहन स्थापित हुने खालका तथा गौरबका आयोजनाहरूलाई संघ र प्रदेश सरकारसँग सहकार्यमा संचालन गर्ने,

६- नगरपालिकाका सवै वडाहरूमा सडक पहुँचलाई अधिकांश महिनाहरूमा सञ्चालनको लागि आफ्नै स्वामित्वमा सञ्चालन हुने गरी व्याकुलोडर (डोजर जे.सि.बि.) खरिद गरी सञ्चालन गर्ने,

Scanned with CamScanner

७- पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने,
८- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई सेवाको अभिवृद्धि गर्ने,
९- सक्षम, सुदृढ तथा सुशासनयुक्त सेवा प्रवाहको लागि प्रविधिबाट सेवा प्रवाह गर्ने,
१०- दिगो विकासका लक्ष्य, नगरपालिकाको आवधिक योजना तथा प्रदेश सरकारले लिएको लक्ष्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने,
११- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्दै अनुत्पादक क्षेत्रमा खर्च कटौती गर्ने र सबै राजश्वका स्रोतहरूको परिचालन गरी करका दायरा बढाउने ।

आ.व.२०८०/०८१ को बजेटका प्राथमिकताका आधारहरू यस प्रकार रहेका छन्
१- आर्थिक विकास एवं गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
२- उत्पादकत्व तथा छिटो प्रतिफल दिने र राजश्व परिचालनमा योदान पुऱ्याउने ।
३- स्थानीय स्रोत साधानमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने ।
४- दिगो विकासका लक्ष्य, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।
५- लैङ्गिक समानता र सामाजिक समावेशीकरण कायम गर्ने ।
६- सेवा प्रवाह, संस्थागत विकास र सुशासन एवं प्रविधिको प्रयोगमा योगदान पुऱ्याउने ।
७- जीविकोपार्जनमा टेवा पुऱ्याउने ।

अब म गत आ.व.२०७८/०७९ को यथार्थ आय-व्यय, चालु आ.व.२०७९/०८० को संशोधित आय-व्यय र आ.व.२०८०/०८१ को अनुमानित आय्र-व्यय प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व.२०७८/७९ मा आन्तरिक राजश्वको लक्ष्य रू ५६ करोड ६६ लाख ९३ हजार ३ सय ९५ रूपैया राखिएकोमा ५२ करोड ४७ लाख ३४ हजार ५ सय ४५ रूपैया संकलन भएको छ ।

व्यय तर्फ चालु खर्चमा रू ३६ करोड ४१ लाख ७४ हजार ३ सय रूपैया पूंजीगत तर्फ २० करोड २५ लाख १९ हजार अनुमान गरिएकोमा क्रमशः चालु तर्फ २८ करोड ३१ लाख ७९ हजार ४ सय ५१ रूपैया र पूंजीगत तर्फ १३ करोड २२ लाख ७५ लाख ८ सय २९ रूपैया खर्च भएको छ ।

चालु आ.व.२०७९/०८० को राजश्वको लक्ष्य रू ६३ करोड ७३ लाख ६८ हजार ५९ रूपैया राखिएकोमा असार मसान्तसम्म राजश्व संकलन रू ४९ करोड ९४ लाख ९७ हजार ८ सय ८२ रूपैया मात्र हुने संशोधित अनुमान रहेको छ । यो रकम कुल लक्ष्यको ७८.३६ प्रतिशत रहने अनुमान गरिएको छ । व्यय तर्फ चालु खर्चमा रू ४० करोड ४५ लाख ३८ हजार ७ सय ७३ रूपैया र पूंजीगत तर्फ २३ करोड २८ लाख २९ हजार २ सय ८६ रूपैया अनुमान गरिएको मा क्रमशः चालु तर्फ रू ३६ करोड ३६ लाख ५४ हजार १ सय ८ रूपैया र पूंजीगत तर्फ ३२ लाख २८ हजार २९ हजार २ सय ८६ हजार खर्च हुने संशोधित अनुमान गरिएको छ ।

आदरणीय सभाध्यक्षज्यू,
आ.व.२०८०/०८१ मा बडीमालिका नगरपालिकामा तपशिलमा उल्लेखित स्रोतहरूबाट आम्दानी हुने लक्ष्य राखिएको जानकारी गराउँदछु । जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ :
१-आन्तरिक राजश्वबाट रू ३ करोड ५४ लाख ४३ हजार ५ सय
२- संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम
   १. सर्शत अनुदान चालु तर्फ रू १५ करोड ८५ लाख
   २. सर्शत अनुदान पूंजीगत तर्फ रू १ करोड ८५ लाख

Scanned with CamScanner

३. वित्तीय समानीकरण अनुदान तर्फ रू १० करोड ४५ लाख

४. समपुरक अनुदान तर्फ रू १ करोड ४० लाख

५. विशेष अनुदान तर्फ रू १ करोड

६. जम्मा रू ३० करोड २२ लाख

३ सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

१. सर्शत अनुदान चालु तर्फ रू ५ लाख ५० हजार

२. सर्शत अनुदान पूँजीगत तर्फ रू ५८ लाख ५० हजार

३. वित्तीय समानीकरण अनुदान तर्फ रू ९० लाख ९४ हजार

४. समपुरक अनुदान तर्फ रू २ करोड ८ लाख ९४ हजार

५. विशेष अनुदान तर्फ रू ८० लाख

६. जम्मा रू ४ करोड ४३ लाख ८८ हजार

४ बाँडफाँडबाट प्राप्त हुने राजश्व रकम

१. संघीय राजश्व बाँडफाँडबाट प्राप्त हुने रू ९ करोड ९६ लाख २९ लाख ४ सय

२. सुदुरपश्चिम प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने रू १९ लाख ७९ हजार

३. जम्मा रू ९ करोड १६ लाख ८ हजार ४ सय

कुल जम्मा आय रू ४७ करोड ३६ लाख ३९ हजार ९ सय हुने लक्ष्य प्रस्ताव गरेको छु।

आदरणीय सभाध्यक्षज्यू,

अब म आ.व.२०८०/०८१ को विनियोजित बजेट प्रस्तुत गर्न चाहान्छु।

संघीय सरकारको तर्फबाट सर्शत अनुदान रू १७ करोड ६० लाख, विशेष अनुदान १ करोड, समपुरक अनुदान १ करोड ४० लाख , सुदुरपश्चिम सरकारको तर्फबाट सर्शत ६४ लाख, समपुरक अनुदान २ करोड ८ लाख ९४ हजार र विशेष अनुदान ८० लाखलाई तोकिएको कार्यविधि अनुरूप नै खर्च हुने गरी यस बजेटमा समावेश गरिएको छ।

आदरणीय सभाध्यक्षज्यू,

अब म वडागत, विभिन्न विषयगत शाखा र नगरकार्यपालिकाको कार्यालयको बजेट विनियोजन पेश गर्न चाहान्छु।

आ.व.२०८०/०८१ को कुल विनियोजन रकम रू ४७ करोड ३६ लाख ३९ हजार ९ सय मध्ये चालु तर्फ ३२ करोड ५९ लाख ८८ हजार ४ सय रूपैया (६८.८३ प्रतिशत) र पूँजीगत खर्च तर्फ रू १४ करोड ७६ लाख ५१ हजार ५ सय रूपैया (३१.१७ प्रतिशत) विनियोजन गरिएको छ।

बडीमालिका भित्रका नौ वटै वडामा चालु तथा प्रशासनिक खर्चका लागि ३ लाख ३० हजारका दरले २० लाख ७० हजार र पूँजीगत तर्फ न्यूनतम अनुदान तर्फ १ करोड ७३ लाखलाई प्रति वडा न्यूनतम १९ लाख २२ हजारका दरले र सुत्रमा आधारित अनुदानमा १ करोड रकमलाई विभिन्न सूचाङ्का आधार सहित चालु र पूँजीगत गरी कम्तिमा २२ लाख ८८ हजार र अधिकतम ३९ लाख ७३ हजार बजेट विनियोजन गरेको छु।

**आर्थिक विकास समिति तर्फ :**

विनियोजित रकम - ४ करोड ६४ लाख २ हजार

Scanned with CamScanner

कृषि तर्फ :

रैथानेबाली प्रवर्द्धन एवं संरक्षण, एक वडा एक उत्पादन, कृषि औजार सहयोग अनुदान, कृषि उपज ढुवानी अनुदान, कृषि बाली वीमा, बाँझो जमिन उपयोगमा अनुदान, कृषि हाटबजार व्यवस्थापन, तेलहन बाली प्रवर्द्धन, फलफुलका विरूवा रोपण, रेडियो कृषि कार्यक्रम, उद्यमीहरुलाई व्यवसायिक कर्जा प्रदान गरिने ब्याज अनुदान साझेदारी कार्यक्रम, भूमिहिन दलित अव्यवस्थित वसोबासीहरूका लागि आवश्यक कार्यक्रम संचालनको व्यवस्था मिलाएको छ। यस्ता कृयाकलापहरूका लागि ७२ लाख ६१ हजार बजेटको व्यवस्था गरेको छु।

उद्योग तर्फ

नगर प्रमुखसँग कृषि उद्यम कार्यक्रम अन्तर्गत कोदोको विस्कुट, कुकिज निर्माण गर्ने उद्योग स्थापनाका लागि २० लाख बजेट बिनियोजन गरेको छु।

लघु उद्यम सृजना तथा विकास विस्तार सहित व्यवसाय सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु। उद्योग तर्फ कुल २७ लाख बजेट बिनियोजन गरेको छु।

पर्यटन तर्फ

विरेखोला झरना संरक्षण एवं व्यवस्थापन, मालिका मन्दिरमा मूर्ति निर्माण, वडिमालिका पर्यटकिय क्षेत्रमा पदमार्ग, विश्राम स्थल, खानेपानी, शौचालय धर्मशाला लगायतका लागि साझेदारी कार्यक्रम, होमस्टे स्थापना एवं खर्च व्यवस्थापन, पर्यटकलाई बोका उपहार, कालाजग्रा पिकिनिक स्पोर्ट निर्माण भ्यूटावरमा मुत्री निर्माण जस्ता कार्यक्रमका लागि १६ लाख ७० हजार बजेट विनियोजन गरेको छु।

वित्तिय क्षेत्र एवं सहकारी तर्फ

व्यवसायिक सहुलियत ऋण साझेदारी कार्यक्रम, सहकारी प्रवर्द्धन, कोपोमिस संचालन जस्ता कृयाकलापहरूका लागि १४ लाख ४२ हजार बजेट विनियोजन गरेको छु।

सिचाई तर्फ

साना सिचाई मर्मत सुधार तर्फ १० लाख ५० हजार, कोर्धालीगाड देखि खड्कवाबाडासम्म सिचाई कुलो निर्माणका लागि ८ लाख सहित अन्य विभिन्न सिचाई कुलो निर्माण एवं मर्मत सुधारका लागि ६० लाख ४० हजार बजेट विनियोजन गरेको छु।

पशुपन्छी तर्फ

नश्लसुधार, घाँस विकास कार्यक्रम, पशु शिविर, माईक्रोस्कोप, पशु औषधी खरिद, आधुनिक बंगुर बदशाला निर्माण, बाखा खोर निर्माण सुधार, बाखा प्रवर्द्धन, कृतिम गर्भाधान, गोठसुधार जस्ता कार्यक्रमका लागि ४५ लाख ७३ हजार बजेट विनियोजन गरेको छु।

सामाजिक विकास समिति तर्फ :

विनियोजन - १७ करोड ३८ लाख ८३ हजार

शिक्षा तर्फ

शिक्षण सिकाइ सहयोगका लागि एकमुष्ट अनुदान, दरबन्दी मिलान शिक्षक नियुक्ती सम्वन्धि कार्यविधी २०८० को कार्यान्वयनका लागि रू १ करोड ८४ लाख, चोयाकोट मा.वि.को चारकोठे भवन निर्माणका लागि ४० लाख, ज्ञानोदय मा.वि. खानेपानी र शौचालयको निर्माणको लागि ७ लाख, घटालेश्वरी आ.वि.खेलमैदान निर्माणको लागि ७ लाख, छात्रवृत्रि, विद्यालय व्यवस्थापन, छात्राहरूको लागि स्यानेटरी प्याड वितरण, अधुरा विद्यालयको भवन निर्माण, नगर शिक्षा योजना, स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक,

शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, परीक्षा व्यवस्थापन जस्ता क्रियाकलापहरूका लागि १२ करोड ५१ लाख २९ हजार रकम विनियोजन गरेको छु।

स्वास्थ्य तर्फ

पालिकामा रहेको १० शैया अस्पताल निर्माण कार्यलाई निरन्तरता दिएको छु। नगर प्रमुखसँग चिकित्सक कार्यक्रम, टेलीमेडिसिन, औषधी खरिद, २०० जना विपन्न र लक्षित वर्गहरूलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउने, विपन्न नागरिक उपचार सहायता, नगरबासीको एकीकृत स्वास्थ्य सूचना मार्फत रिफरल केन्द्र स्थापना जस्ता कार्यक्रमहरूका लागि २ करोड ६८ लाख २० हजार रकम विनियोजन गरेको छु।

खानेपानी तथा सरसफाई तर्फ

मार्तडी वृहत खानेपानी, ओख्णेपानी रापक नगाने खानेपानी, गौमुलदर्ना पिनालेक खानेपानी, मैमातोला खानेपानी, बुढाबाडा रिला खानेपानी, नुवाकोट दलित बस्ती खानेपानी लगायत २३ वटा आयोजनाहरूका लागि ७५ लाख १५ हजार बजेट विनियोजन गरेको छु।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवं संरक्षण तर्फ

एकल पुरूष तथा महिलाका विशेष भत्ता, ग वर्गका अपाङ्गहरूका लागि भत्ता, महिला, बालबालिका, दलित, जनजाती, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक हिन्सा न्यूनिकरण सहितका लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु। श्रमको सम्मान राष्ट्रको अभियान, पोषण कार्यक्रम, रोजगारी सृजना, पत्रकार क्षमता विकास एवं सम्मान कार्यक्रम, शैक्षिक आमा समुह परिचालन जस्ता कार्यक्रहरूका लागि १ करोड ३० लाख ३ हजार ४ सय बजेट विनियोजन गरेको छु।

युवा तथा खेलकुद भाषा सँस्कृति तर्फ

खेलको माध्यमबाट युवाहरूलाई अनुशासित स्वस्थ बनाउने तथा स्थानीय भाषा सँस्कृतिको संरक्षण सम्वर्द्धन जस्ता कृयाकलापहरूका लागि २० लाख ४१ हजार बजेट विनियोजन गरेको छु।

पूर्वाधार विकास तर्फ :

विनियोजन - ९ करोड ४८ लाख ९ हजार ५ सय

यातायात पूर्वाधार तर्फ

सडक पहुँचलाई सहज बनाउनका लागि व्याकुलोडर (जे.सि.बि. ) डोजर खरिद, तर्फ ६० लाख, मार्तडी बुढाकोर्ध सडक निर्माणमा ४० लाख, काधका डाँडादेखि खिरिडा गोपीसेरा कृषि सडक तर्फ ६० लाख, खिरिडा ढम्कने सडक तर्फ १ करोड ८ लाख ९४ हजार, घोगालीहुदै खड्कावाडा रावलवाडा पिपलगाउँ सडक तर्फ ५ लाख, संघ र प्रदेश समपुरक योजनाको लागि साझेदारी तर्फ १ करोड ४६ लाख, नगरस्तरीय मर्मत कोष तर्फ ३६ लाख ५ हजार, भुक्तानी दिन बाँकी योजनाको दायित्वको लागि १ करोड, घट्टेखोला आर.सि.सि. पुलका लागि ५ लाख सहित वडा स्तरीय मर्मत सम्भार कोष जस्ता योजनाहरूका लागि ६ करोड ६९ लाख ८४ हजार ५ सय रूपैया विनियोजन गरेको छु।

भवन तथा शहरी विकास तर्फ

अधुरा शहरी स्वास्थ्य केन्द्रका भवन निर्माण तर्फ ४० लाख, वडा कार्यालय भवन निर्माण तर्फ ६० लाख, खुल्ला मञ्च निर्माण तर्फ १२ लाख, कवडहल निर्माण तर्फ २५ लाख, विनोद वि.क.स्मृति प्रतिक्षालय/बाटिका निर्माण तर्फ ५ लाख, महिला सुरक्षित आवास गृह निर्माण तर्फ ५० लाख जस्ता कृयाकलाप संचालनको लागि २ करोड ७० लाख बजेट विनियोजन गरेको छु।

उर्जा तर्फ

Scanned with CamScanner

नविकरणीय उर्जाको माध्यमबाट नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा स्मार्टलाईट र सिसिटिभी जडान कार्य, लिफ्टिङ सिचाई, फोहोरबाट बायोग्यास निर्माण लगायतका लागि २० लाख बजेट विनियोजन गरेको छ।

वन वातावरण तथा विपद व्यवस्थापन एवं सुशासन अन्तर सम्बन्धित क्षेत्र तर्फ

विनियोजन - १ करोड २३ लाख ६ हजार

वातावरण तथा जलवायु र अन्तरसम्वन्धित क्षेत्र

वातावरणीय परीक्षण तर्फ ५ लाख, नगर स्तरीय विपद व्यवस्थापन तर्फ २८ लाख, मार्तडी बजार ढल निकास तर्फ २० लाख, बुढीगंगा विरेखोला तटबन्धन तर्फ ८ लाख, कोर्धीगाड खड्काटोल हुदै दानीवाडा तटबन्धन तर्फ ८ लाख, जलाधार संरक्षण केलरूख भुँगाडीपाट तटबन्धन, गर्जेनी खोला व्यवस्थापन तर्फ ५ लाख, वृक्षारोपण वन तथा भु-संरक्षण, वडा स्तरीय विपद व्यवस्थापन कोष, यु एन एफ पि ए सहित विभिन्न विकास साझेदारहरूसँगको साझेदारी तर्फ २२ लाख जस्ता कार्यक्रमहरूमा १ करोड २३ लाख ६ हजार विनियोजन गरेको छ।

कार्यालय संचालन तथा प्रशासनीक तर्फ :

प्रविधीमैत्री बडीमालिकाको संस्थागत विकास र संचालनको लागि १० लाख, लेदोजन्य मेशिन व्यवस्थापनका लागि १० लाख सहित सवै वडा कार्यालय, स्वास्थ्य संस्था, नगरपालिकाका विभिन्न शाखा उपशाखा, न्यायीक समिति व्यवस्थापन तथा संचालनको लागि १० लाख, श्रमको सम्मान सरसफाई अभियानमा युवा परिचालन तर्फ ५ लाख, सार्वजनिक सुनुवाई, चौमासिक समिक्षा, उपभोक्ता समितिलाई तालिम, पत्रपत्रिका जस्ता कृयाकलापहरूका लागि १४ करोड ४८ लाख ३९ हजार बजेट विनियोजन गरेको छ।

आदरणीय सभाध्यक्षज्यू,

बजेट तर्जुमासँगसँगै यसको कार्यान्वयन अर्को महत्वपूर्ण पाटो हो। लक्ष्य अनुरूपका कार्यक्रमहरू समयै संचालन हुन सके मात्र अपेक्षित नतिजा हाँसिल गर्न सकिन्छ। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको अत्यन्त ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायको तर्फबाट अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा लिएको छु। प्रस्तावित कार्यक्रमबाट नगरपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छु।

प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबै सरोकारवाला पक्षसँग सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

आदरणीय सभाध्यक्षज्यू,

बडीमालिका नगरपालिकाको गरिमामय यस तेह्रौ नगरसभाको बजेट निर्माण गर्न अरात्र खटिनुहुने नगरसभा सदस्यहरू, विषयगत समिति, बजेट तर्जुमा समिति, बजेट मस्यौदा समिति, कर्मचारी मित्रहरू, बडीमालिका नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सम्पूर्ण बडीमालिका नगरपालिकाका शुभचिन्तकहरूमा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, जिल्ला बाहिर विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई नगरको समृद्धि र नगरवासीको हितमा सहयोग र लगानी गरी योगदान गर्न आव्हान गर्दछु।

<u>**निर्णय नं.३:**</u> **प्रस्ताव नं.३** का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम बडिमालिका नगरपालिकाको आ.व.२०८०/०८१ को लागि आर्थिक विधेयक, २०८० उपप्रमुख श्री नन्दा थापाबाट प्रस्तुत विधयेक नगर सभाको सुझाव समेत संशोधन गरी पारित गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं.४: प्रस्ताव नं.४** का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकालाई आवश्यक पर्ने देहाय बमोजिमका विधेयक एवं संशोधन कार्यविधि छलफलका लागि नगर सभाको आजको बैठकमा पेश भयो ।

(क) बडिमालिका नगर आवधिक योजना २०८०

(ख) बडिमालिका नगर कालाजग्रा पर्यटन पार्क संचालन संरक्षण, सम्वर्द्धन कार्यविधि, २०८०

(ग) कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

(ङ) बडिमालिका नगरपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०८०

च) टोल विकास संस्थाको बचत कोष संकलन तथा परिचालन निर्देशिका-२०८०

छ) टोल विकास संस्था सञ्चालन कार्यविधी-२०८०

**निर्णय नं. ५** : प्रस्ताव नं.५ यस बडीमालिका नगरपालिकाको आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमहरूको बजेटबाट खर्च हुन नसकेको रकमलाई नगर सञ्चित कोषमा जम्मा गरी आगामी आ.व.०८०/८१ को लागि आम्दानी बाँध्ने तथा बडीमालिका नगरपालिकाको १३ औं नगरसभाबाट निर्णय हुन नसकेका वा निर्णय हुन छुट भएका वा आवश्यक पर्ने थप निर्णय गर्नु परेमा कार्यपालिकाबाट निर्णय गराई अर्को नगरसभामा अनुमोदन हुने गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : यस नगरपालिकाको नगर सभा बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका कार्यविधि सामुदायिक विद्यालय एकमुष्ट अनुदान कार्यविधि २०७९, बडिमालिका नगरपालिका लोक कल्याणकारी विज्ञापन कार्यविधि २०८०, पाँगर बहुउपयोग प्रयोग परिक्षण तथा अनुसन्धान एवं अन्य नगर गौरखका कार्यक्रमहरु नरग सभाबाट स्वीकृत बजेटमा छुट भएका कार्यक्रमका लागि स्वीकृत कार्यान्वयन हुन नसक्ने तथा विषयगत अमिल्दा कार्यक्रम परिमार्जन (संसोधन) गरी कार्यान्वयन गर्न नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ को सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा भएको सम्पूर्ण आर्थिक कारोवारको अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु तथा सुझावहरु नियमानुसार हुने गरी कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८**: प्रस्ताव नं.८ को सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७९/०८० मा न्यायिक समितिबाट न्याय निरुपण सम्बन्धि पेश हुन आएको वार्षिक प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** : प्रस्ताव नं.९ का सम्वन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा क्रियाशिल देहाय बमोजिमका गैर सरकारी संस्थाहरु पेश गरेका बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो । साथै अन्य सामाजिक तथा मानवीय सेवा एवं आयआर्जनसँग सम्बन्धित गैरसरकारी संस्थाका कार्यक्रमलाई स्वीकृत गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | गैर सरकारी संस्थाको नाम | वार्षिक स्वीकृत बजेट | कैफियत |
|---|---|---|---|
| १. | थुएन एफपिए | १०००००० | रिया परियोजना, लैङ्गिक हिंसा रोकथाम |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | | | तथा प्रतिकार्य परियोजना |
| २ | युनिसेफ नेपाल | १४००००० | जलवायु उर्जा तथा बातावरण सुधार परियोजना |
| ३ | साहास नेपाल | ६९३८३२ | समावेशी तथा गुणस्तरीय शिक्षा परियोजना |
| ४ | पीसविन नेपाल | ४००००० | लैगिक हिंसा न्युनिकरण प्रतिकार्य योजना र न्यायमा पहुँच कार्यक्रम |
| ४ | गिप्ट बाजुरा | १७०००००। | स्थानीय उत्पादनमा आधारीत सामुदायिक विद्यालय दिवा खाजा कार्यक्रम |
| ५ | एचआरसी बाजुरा | ५००००००। | ईय (परियोजना) |
| ६ | आइएन एफ बाजुरा | | |
| | | | |

साथै हाल यस बडिमालिका नगरपालिका विभिन्न समुदायमा रहेका सबै नागरिकहरुलाई संगठित गरी उनीहरुको क्षमता विकास गर्दै राज्य र नागरिकहरुका बीचमा सम्वाद एवं अन्तक्रियाहरु मार्फत सम्वन्ध विस्तार गरी राज्यका सेवा सुविधाहरुमाथिको सहज पहुँच स्थापित गर्दै सामाजिक सदभाव, मेलमिलाप र संस्थागत विकासका माध्यमवाट दीगो विकास प्रकृया सञ्चालनका लागि टोल विकास संस्थाको गठन र परिचालन गर्नका लागि वडीमालिका नगरपालिकाले स्वीकृत गरेको टोल विकास संस्था गठन र परिचालन सम्वन्धी कार्यविधिमा रही सहकर्मी समाज र यस वडीमालिका नगरपालिकासंग सहकार्यमा **टोल विकास संस्था सवलीकरण कार्यक्रम** संचालनका लागि समन्वय तथा सहकार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० को कर्मचारी म्याद थप सम्बन्धमा नगरपालिका कार्यालय र मातहतका सम्पूर्ण कार्यालयहरूमा विभिन्न मिति देखि हालसम्म सेवा करारमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनका आधारमा म्याद थप गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने साथै यस नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक थप प्राविधिक तथा श्रेणी विहिन कर्मचारी पद र तह एवं तलब समायोजन् गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । साथै कर्मचारी परिचालनकालाई मितव्ययी बनाउन उत्कृष्ट कर्मचारी पुरस्कृत बढुवा गर्ने तथा कार्यालयमा जानकारी नगराई हाजिर नहुने कर्मचारीको हाजिर नभएको दिनको तलव कट्टा गर्ने तथा कार्यलयमा पोषाक नलगाई आउने कर्मचारीको पोषाक भत्ता कटौती गरी नगर संचित कोषमा जम्मा गर्न प्रशासन तथा आर्थिक प्रसाशन फाँटलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११: प्रस्ताव नं. ११** को सम्वन्धमा छलफल हुँदा यस वर्ष पनि सडक बाटो भत्केका, राजश्व संकलन, अनुदान प्राप्त अवस्था सन्तोषजनक नभएकोले विकास आयोजनाहरुमा गति लिन नसक्दा यस वर्ष सम्झौता भइसकेका तर सम्पन्न हुन नसकेका, विपदका घटनाको कारण क्षति भई तत्काल कागजी प्रक्रिया हुन ढिलाई भइ मर्मत सम्भार भएका, नगरवासीको भावना र सरोकारसँग जोडिएका योजनाहरुमा सम्झौता भई चालु अवस्थामा रहेका अधुरा योजनाहरु र कमागत योजनाहरुमा आवश्यक बजेट विनियोजन छुटेका (जडाङ्गा मना सडक, विरेखोला व्यवस्थापन, राष्ट्रपति शैक्षिक सुधार अन्तरगत सामुदायिक विद्यालय भवन, कालाजग्रा भ्यूटावर मुत्री निर्माण तथा पार्क संचालन, झुलङ्गे पुल हेराला पारिश्रमिक, सल्लीरुख मन्दीर बनपा ३, खारघाडा झोपु हुदै जाने गोरेटो बाटो, गौतम आ.वि. को भवन निर्माण, गौडा ढोगदिना खानेपानी बनपा ७, १० शैया अस्पताल घेरपर्खाल) योजनाहरुको प्राविधिक

Scanned with CamScanner

स्थलगत अनुगमन तथा सम्बन्धित वडा कार्यालयको सिफारिसमा गरी योजनाको पुनः आवश्यक प्रक्रियामा ल्याई नगर मर्मत सम्भार कोष, विपद कोष तथा नगरको कन्टेजेन्सी रकमको ५० प्रतिशत रकमबाट चालु आ.व. को प्रगतिलाई आधारमा पुनः अनगुमन तथा प्राविधिक मूल्याङ्न गरी भुक्तानी लागि नगरपालिका अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**: **प्रस्ताव नं. १२** को सम्बन्धमा छलफल हुँदा बडिमालिका नगरपालिका क्षेत्रमा विपदका घटनाहरु बढ्ने अवस्थामा रहेको र नगरपालिकाको आपत्कालिन कार्य सञ्चालन विपत प्रतिकार्य योजना, २०८० निर्माण भई विपद प्रतिकार्य तथा तत्काल राहत तथा पुनर्स्थापनाका कार्यहरु आवलम्व सुचारु गर्नुपर्ने अत्यन्त संवेदनशील विषयलाई मध्यनजर गर्दै आपतकालिन उद्धार कार्यका लागि वडा स्तरमा समाग्री व्यवस्थाका लागि नगरपालिका खदिर समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.१३** : **प्रस्ताव नं.१३** का सम्बन्धमा आ.व.२०८०/०८१ को लागि वडाबाट छनौट भई आएका वडास्तरीय, नगरस्तरीय र प्रदेश तथा संघ स्तरकाका योजना तथा कार्यक्रमहरुलाई वैकल्पिक बजेट प्राप्त हुन आएमा नगर कार्यपालिका बैठकको निर्णय अनुसार प्राथमिकताको आधारमा कार्यान्वयन गर्दै जाने साथै उक्त योजना तथा कार्यक्रमहरुलाई योजना बैंकका रुपमा रातो किताबमा समावेश गर्ने तथा नगर गौरवका आयोजनाहरु विरेखोला झरना पर्यटन पूर्वाधार, रानीवन हरित तथा ध्यान पार्क, बाउली खोला बाढी नियन्त्रण, फोहोर संकलन मल प्रसोधनका लागि ल्यान्फिल्ड साईट, वडा कार्यालयसम्म पिच सडक, दश शैया अस्पताल सडक पुल, कालाजग्रा जडिवुटी पार्क आलु भण्डार केन्द्रको यसै आवमा डिपिआर तथा सडकको आइई गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४** : **प्रस्ताव नं.१४** का सम्बन्धमा यस नगरपालिका भित्र पुरातत्विक महत्तका भौतिक संरचना बनाउदा अनिवार्य पौराणिक महत्व नविग्रिने गरी निर्माण गर्ने तथा मन्दिर, गोरेटो बाटो सडक पेट, सिडीहरु निर्माणमा सिमेन्ट कंकिट प्रयोग कम गरी स्थानीय कच्चा पदार्थ (ढुङ्गा, सिलट, काठ) को मात्र प्रयोग गर्ने एवं अन्य पूर्वाधार निर्माणमा समेत स्थानीय कच्चा पदार्थको बढी प्रयोग गर्न प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो.।

**निर्णय नं. १५ : प्रस्ताव नं. १५** का सम्बन्धमा नगरपालिकाबाट कार्यान्वयन हुने पुर्व स्वीकृत कार्यक्रम तथा योजनाहरु असोज देखि जेष्ठ महिना भित्र कार्यान्वयन हुने गरी सम्पूर्ण शाखा वडा कार्यालय तथा मातहतका जिम्मेवार समिति एवं साझेदार पक्षलाई अनिवार्य भाद्र १५ गते भित्र कार्ययोजना बनाई काम गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६ : प्रस्ताव नं. १६** का सम्बन्धमा बडीमालिका नगरपालिकामा प्रचलित कानून बमोजिम नगरपालिको सेवा प्रभावकारी तथा पारदर्शी वनाउन, कार्यालय सामग्री खरिद खरिद ईकाई समिति मार्फत आवश्यक प्रक्रिया पुरा गर्ने, कोटेशन तथा ठेक्काको निर्माण कार्यमा नगर तथा वडा अनुगमन समिति द्वारा अनुगमन प्रभावकारी बनाउने तथा योजनाको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै योजाना शाखा बनाई कायान्वयनमा ल्याउने निर्णय गरियो । प्रचलित कानून बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ : प्रस्ताव नं. १७** का सम्बन्धमा यस कार्यालयको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा विषयगत शाखाहरूका कार्यक्रमको कार्यान्वयन गर्दा बार्षिक कार्ययोजना निर्माण गरी बिषयगत समतिको बैठकबाट निर्णय तथा अनुमोदन गराउने निर्णय गरियो । साथै साथै कुनै कार्यक्रम परिमार्जन गर्न परेमा सम्वन्धीत विषय गत समितिको सिफारिशमा आवश्यकता र औचित्ययताको आधारमा अधिवेशनमा पेश गर्न तथा नगर सभा नबसेको अवस्थामा विषयगत समितिको

निर्णय न अनुसार नगर सभाले गर्ने कार्य गर्नको लागि नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १८ प्रस्ताव नं १८ का सम्बन्धमा बडीमालिका नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०७९ असार ७ गते सिफारिसमा ११ औं नगर सभाबाट स्विकृत विषयगत समिति न्यायिक समिति तथा अनुगमन समितिहरु समावेशी तथा जिम्मेवारी बोझ बढी भएका समिति सदस्यको जिम्मेवारी हेरफेर गर्ने एवं विषयगत समितिको गठन तथा संचालन कार्यविधि २०७८ बमोजिम तपशिल बमोजिम समितिको गठन तथा जिम्मेवारी हेरफेर गर्ने निर्णय गरियो ।

न्यायिक समिति

१) नगर उप प्रमुख श्री नन्दा कुमारी थापा संयोजक

२ )२ नं वडा अध्यक्ष श्री डम्मर बहादुर महत सदस्य

३) ६ नं वडा सदस्य श्री परे बडुवाल सदस्य

नगर अनुगमन तथा सुपरीवेक्षण समिति

१) नगर उप प्रमुख श्री नन्दा कुमारी थापा संयोजक

२ ) २ नं वडा अध्यक्ष श्री डम्मर बहादुर महत सदस्य

३) कार्यपालिका सदस्य श्री तुलसी गीरी नाथ सदस्य

४) प्रमुख प्रशासकीय अधिकृत सदस्य

५) पूर्वाधार विकास शाखा । योजना शाखा प्रमुख सदस्य सचिव

सम्बन्धित वडाको वडाअध्यक्षहरु अनिवार्य रुपमा आमन्त्रित सदस्यको रुपमा रहेनेछन् ।

आर्थिक विकास समितिः

१) ३ नं वडा अध्यक्ष श्री डबल बहादुर रोकाया संयोजक

२) ७ नं वडा अध्यक्ष श्री धर्मराज पाध्याय सदस्य

३) कार्यपालिका सदस्य श्री निर्मला बडुवाल सदस्य

४) कृषि विकास शाखा प्रमुख सदस्य सचिव

पूर्वाधार विकास समितिः

१) ८ नं वडा अध्यक्ष श्री चन्द्र बहादुर थापा संयोजक

२) कार्यपालिका सदस्य श्री लक्षी ल्वार सदस्य

३) कार्यपालिका सदस्य श्री धना विष्ट सदस्य

४) पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

सामाजिक विकास समितिः

१ )२ नं वडा अध्यक्ष श्री डम्मर बहादुर महत संयोजक

२ )७ नं वडा अध्यक्ष श्री धर्मराज पाध्याय सदस्य

३ )कार्यपालिका सदस्य श्री राजेश वि क सदस्य

४ )स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

वन वातावरण तथा विपद व्यवस्थापन समितिः

Scanned with CamScanner

**सुसाशन तथा संस्थागत विकास समिति**

१) ९ नं. वडा अध्यक्ष श्री सुर्यकिरण विक संयोजक
२) कार्यपालिका सदस्य श्री निर्मला विक सदस्य
३) कार्यपालिका सदस्य अम्विका वि.क. सदस्य

**विधायन समिति**

१) ६ नं. वडा अध्यक्ष श्री कृष्ण बहादुर खड्का संयोजक
२) ४ नं. वडा अध्यक्ष श्री अर्जुन नाथ सदस्य
३) कार्यपालिका सदस्य श्री तुलक्षी गिरी नाथ सदस्य
४) प्रशासन शाखा प्रमुख सदस्य सचिव

**उर्जा विकास उप समिति**

अमर बहादुर खड्का नगर प्रमुख संरक्षक
नन्दा कुमारी थापा उप प्रमुख संरक्षक
प्रमुख प्रशासकिय अधिकृत सल्लाहाकार
१) कार्यपालिका सदस्य श्री तुलक्षी गिरी नाथ संयोजक
२) कार्यपालिका सदस्य बुदे ल्वार सदस्य
३) ८ नं. वडा अध्यक्ष श्री अनिता थापा सदस्य
४) ५ नं.वडा सदस्य श्री लोकेन्द्र साउँद सदस्य
५) सम्वन्धीत शाखा प्रमुख सदस्य सचिव

**संस्कृति तथा पर्यटन विकास उप समिति**

१) कार्यपालिका सदस्य राजेश वि.क. संयोजक
२) कार्यपालिका सदस्य अम्विका विक सदस्य
३) ७ नं. वडा सदस्य श्री लोकेन्द्र ब. रोकाया सदस्य
४) ८ नं. वडा सदस्य श्री करे रावल सदस्य
५) ९ नं. वडा सदस्य प्रशासन शाखा प्रमुख सदस्य सचिव

**नगर शिक्षा समिति**

१) नगर प्रमुख अमर बहादुर खड्का संयोजक
२) २ नं. वडा अध्यक्ष श्री डम्मर बहादुर महत सदस्य
३) कार्यपालिका सदस्य तुलक्षी गिरी नाथ सदस्य
४) कार्यपालिका सदस्य लक्षी विक सदस्य
५) सामुदायिक विद्यालय विव्यस प्रतिनिधि राम बहादुर धामी सदस्य
६) सामुदायिक विद्यालय प्रअ श्री शुभराज पाध्याय सदस्य
७) नगर शिक्षक महासंघ अध्यक्ष श्री हस्त ब. धामी सदस्य
८) महिला शिक्षिका सोनाम तामाङ सदस्य
९) निजि विद्यालय दल बहादुर थपा सदस्य
१०) शिक्षा शाखा प्रमुख सदस्य सचिव

यस निर्णय नं.१८ अनुसार गठित समिति उप समितिहरुमा नगर प्रमुख उप प्रमुख विशेष आमन्त्रीत एवं नगर प्रवक्तालाई आमन्त्रीत सदस्यका रुपमा बोलाउन सकिनेछ ।

निर्णय नं. १९ : प्रस्ताव नं. १९ का सम्वन्धमा यस नगरपालिकाको ११ औं नगर सभा बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्युहरू, पत्रकार, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न कार्यालयका प्रमुखज्यूहरू संघसंस्था तथा अन्य निकायबाट पाल्नु भएका महानुभावलाई विशेष आभांर व्यक्त गर्दै धन्यवाद दिनुका साथै नगर सभा सम्पन्न गर्न आवश्यक कार्यमा खटिई सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिने निर्णय गरियो ।

Scanned with CamScanner

**बेरूजु फर्छ्यौट गर्ने सम्वन्धमा ।**

**बिर्णय बं. २० : –** महालेखापरीक्षकको कार्यालयबाट जारी गरिएको आ.व. २०७८।७९ को बार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको बेरूजुका सम्वन्धमा बडीमालिका न.पा. लेखा समितिबाट दफावार छलफल गरी नियमित गर्ने बेरूजुलाई नियमित गर्ने, असुल गर्ने बेरूजुकोमा हकमा असुल तथा प्रमाण पेशगर्नु पर्नेको हकमा प्रमाण संलग्न राखी पेश भएकोमा तपसिलको बेरूजु बियमित गरी फर्छ्यौट गर्ने र बेरूजु सम्परीक्षण गरी लगत कट्टाका लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

**१. बेरूजु दफा बं. २०.२** खरिद गरिएका स्यानीटरी प्याड जिन्सी खातामा आम्दानी बाँधी किशोरावस्थाका छात्राहरुलाई वितरण गर्न सामुदायिक विद्यालयलाई हस्तान्तरण गर्नुपर्दछ । सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार सामुदायिक विद्यालयमा आपूर्ति भएका सेनिटरी प्याड छात्राहरुले सुलभरुपमा प्रयोग गर्न पाए नपाएको सुनिश्चितता गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको हुन्छ । सम्बन्धित विद्यालयमार्फत छात्राहरूलाई वितरण गरे नगरेको सम्बन्धमा अनुगमन गरेको प्रमाण पेश गर्नुपर्ने रु. १९,६३६४० उल्लेख गरिएकोमा शिक्षा युवा तथा खेलकुद शाखाबाटबाट विद्यालयमा अनुगमन गरी छात्राहरूलाई वितरण गरेको भरपाई सहित प्रतिबेदन सहित शाखाको राय प्राप्त हुँदा सवै छात्राहरुले सर्बसुलभ रुपमा प्रयोग गर्न पाएको देखिएको र पालिकाबाट वितरण गरिएका स्यानीटरी प्याडको सही सदुपयोग भएको व्यहोरा सभाका सवै सदस्यबाट छलफल भएकोले उक्त बेरूजु नियमित गर्ने र सम्परीक्षण गरी लगत कट्टा गरी दिन महालेखापरीख्यकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**२. बेरूजु दफा बं. २३.३ सवारी साधन भाडाः** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १३ बमोजिम अन्य सेवामा लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजबिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली २०६४ को बियम ८९(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने,२० लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी रु ६,९०,८००। सवारी भाडा खर्च लेखेको बियमित नदेखिएको भनि बेरूजु कायम भएकोमा कार्यालयको गाडी संख्या १ मात्र रहेको उक्त पुरानो गाडी पटक-पटक विग्रिएका कारण निजी गाडीभाडामा लिई कार्यालयको दैनिक कामकाजमा प्रयोग भएको एवं योजनाहरुको अनुगमनका क्रममा समेत गाडी प्रयोगमा लिइएकोले उक्त रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपबियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी बभएको कुराको पुष्याई गर्ने प्रर्याप्त आधार र कारण सहित बेरूजु नियमित गरी बेरूजु फस्यौट तथा फरफारख गर्न सकिने कानुन बमोजिम गाडी भाडा बापतको ६९०८०० रकम सम्वन्धित गाडी धनीलाई कार्यालयको १ मात्र पुरानो गाडी जुन पटक-पटक बिग्रिएको कारण अन्य निजी गाडी भाडामा लिएर कार्यालयको दैनिक कामकाजमा प्रयोग भएकोले उक्त बेरूजु फर्छ्यौट गरी नियमित गर्ने र सम्परीक्षण गरी बेरूजु लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**३. बेरूजु दफा बं. २३.४ :-** सुदूर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७८ अनुसार नगर प्रमुखको सेवा सुविधा अन्तर्गत अतिथि सत्कार मासिक रु ११००० उल्लेख भएकोमा पुनः क्रियाकलाप नं २७२ बाट नगर प्रमुखको तोक आदेश बमोजिम पाहुनाको सत्कार र विविध खर्चमा रु. ६०००००। बजेट बिनियोजन गरी बिभिन्न गोश्वारा भौचरबाट चिया,बास्ता इन्धन लगायतमा रु ५९९७३३।०० खर्च गरेको देखियो । बगर प्रमुखको तोक आदेश बमोजिम पाहुनाको सत्कार र विविध खर्च उल्लेख गरि बजेट बिनियोजन गर्ने कार्यमा नियन्त्रण गरी खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण हुनुपर्ने रु ५,९९,७३३।- लेखिएकोमा बडीमालिका नगरपालिका जिल्लासदरमुकाम स्थितको नगरपालिका भएको, जिल्ला भित्रका अन्य पालिका एवं प्रदेशस्तरबाट विभिन्न तह र तप्कामा अतिथिहरूको आगमन हुने भएकोले उहाँहरुलाई हार्दिक स्वागत एवं स्तकार गर्नु पर्ने नैतिक कर्तव्य समेत भएको एवं कार्यालयको नियमित रुपमा हुने विभिन्न बैठक एवं गोष्ठी बापतको चिया खाजा समेत उक्त शिर्षकबाट भुक्तानी हुन गएकोले आगामि दिनहरूमा बगर प्रमुखको तोक आदेश बमोजिम विविध खर्च गर्ने कार्य बन्द गर्ने र सम्वन्धित शिर्षकमा नै खर्च गर्न निर्देशन दिने एवं उक्त खर्च भई सकेको तथा अनिवार्य रूपमा भुक्तानी गर्नु पर्ने रकम नै भुक्तानी गरिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको बाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको कुराको पुष्याई गर्ने प्रर्याप्त आधार र कारण सहित त्यस्तो खर्च नियमित गरी बेरूजु फस्यौट तथा फरफारख गरी दिन सकिने व्यवस्था बमोजिम उक्त रकम नगर प्रमुखले आफ्नो निजी कामको लागि खर्च नभएको, कार्यालयसँग सम्वन्धित अतिथीहरुको स्वागतको विविध र अन्य खर्चहरु कार्यालयको नियमित विविध शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा बगर प्रमुख भत्र शिर्षकबाट खर्च लेखिन गएको मात्र हो । यस्तो खर्चमा आगामी दिनमा पूर्ण रुपमा रोक लगाउन निर्देशन दिने, माथि उल्लेखित बेरूजुलाई फर्छ्यौट एवं नियमित गर्ने तथा सम्परीक्षण गरी बेरूजु लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने बिर्णय गरियो ।

**४. बेरूजु दफा बं : २४.३ :** परामर्श सेवा: २८३।२०७८।१०।२४ सार्वजनिक खरिद बियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको मार्तडी फुलचडाउना जडाङ्गा कोर्ध र ढुंगा गिट्टी बालुवाको प्रारम्भिक वाताबरणीय परिक्षण गरेवापत एच.आइ विल्डर्स एण्ड कन्सल्ट्यान्ट प्रा.लिलाई रु. ५९२५०३। भुक्तानी दिएको छ। आईई प्रतिवेदन निश्चित अवधिको लागि तयार हुने र सो अवधि भित्र प्रतिवेदनले उल्लेख गरेको परिमाणमा प्राकृतिक श्रोतको विक्रि वितरण गर्सिक्नु पर्नेमा उक्त क्षेत्रमा ठेक्का व्यवस्थापन गरी यस बर्ष ढुङ्गा गिट्टी विक्रि गरेको देखिएन । ठेक्का व्यवस्थापन नभएको देखिंदा परामर्श सेवाबाट खर्च भएको रकम उपयुक्त नदेखिनुका साथै प्रारम्भिक वाताबरणीय परिक्षण अध्ययन प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले पेश हुनुपर्ने देखिएको रु.५९२५०३ कार्यालयमा २०८।६।२० मा प्राप्त भई स्वीकृत भएको एचा आई विल्डर्डस एण्ड कन्सल्टेन्ट प्रा.लि.बाजुराले पेश गरेको प्रतिबेदन कार्यालयमा रहेको र सोही प्रतिबेदनका आधारमा ढुङ्गा गिट्टी बालुवाको ठेक्का लगाउने गरिएकोमा कार्यालयले यसरी परामर्श सेवा लिदा प्रतिस्प्रर्धालाई सिमित हुने गरी कार्य नगर्न निर्देशन दिने तथा प्रतिबेदन प्राप्त भएको देखिएकोमा सो बेरूजुलाई फर्छ्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**५. बेरूजु दफा २८.३ : कार्यसम्पादन जमानत –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिम जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कवुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कवुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कवुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कवुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार १९ प्रतिशत भन्दा बढी घटेर कवुल गरेको अवस्थामा रु ७६९४२००। कार्यसम्पादन जमानत राख्नुपर्नेमा कृषि विकास बैक लिमिटेडको (February 30, 2024) सम्म म्याद भएको रु ६६१००००। मात्र जमानत राखेकोले नपुग रु १०८४२००। को कार्यसम्पादन जमानत राखेको प्रमाण पेस गर्नुपर्नेमा कार्यसम्पादन जमानत थपको प्रमाण पेश हुन आएकोमा सो बेरूजुलाई फर्छ्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**६. बेरूजु दफा नं. २९ : परामर्श सेवा:** सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. १६६५६०८। खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सडक सर्भेको लागी सडक बिभाग, भवनको लागी भवनको नर्मश लगाई लागत अनुमान तयार गर्नुपर्नेमा सो बेगर बढि ब्ययभार पर्ने गरी डोलिडारको नर्मश प्रयोग गरी खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा कार्यरत प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत नदेखिएको रु.

Scanned with CamScanner

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| २७८-०७९-१-०९ | जे.बि.आर.एस.विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.ली | सिराडी माउलेख सडकको डि.पि.आर तयारी (५.१ कि.मि) | 436803 |
| २७६-०७९-०१-०९ | ब्रोदर बिजनेश ग्रुप प्रा.ली | भिडाबाडी रावलबाडा सडकको डि.पि.आर तयारी (५ कि.मि) | 460475 |
| २७५-०७९-१-०९ | हन्डिक इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा.ली | काँधका डाँडा देखि रस्टिकस्टोर सडकको डि.पि.आर तयारी (५.२कि.मि) | 479569 |
| ३९६-०७९-३-२५ | बडिमालिका इन्जिनियरिङ्ग कन्सल्टेन्सी | सडकको डि.पि.आर तयारी (२.८ कि.मि) | 288761 |
| | जम्मा | | |

भनि बेरूजु कायम भएको सन्दर्भमा बिस्तृत परियोजना प्रतिबेदन तयार विना संघ र प्रदेश सरकार समक्ष पेश गरिने समपुरक र विशेष अनुदानमा प्रस्तावनाका लागि तत्काल आवश्यकता परी खरिद गरिएको उक्त डिपीआर बमोजिमको निर्माण कार्य हाल भई रहेकोमा खर्च सान्दरभिक नै देखिएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको कुराको पुष्याई गर्ने प्रर्याप्त आधार र कारण सहित कार्यालयमा सो डिपिआर गर्न सक्ने अनुभवी जनशक्ति तत्कालिन अवस्थामा नरहेको र हालसम्म पनि नभएको, साविक देखि नै स्थानीय तहहरुले डोलिडारको नर्स प्रयोग गर्दै आईरहेकोमा लेखापरीक्षणको सुझावलाई अनिवार्य रूपमा पालन गर्न निर्देशन दिने तथा आगामि दिनमा यस्तो प्रकारको बेरूजु नदोहोरिने गरी कार्य गर्न समेत निर्देशन दिने सो बेरूजुलाई फछौंट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**७. बेरूजु दफा नं. ३० : निर्माण ब्यावसायी मार्फत कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नलिखित उपभोक्ता समितिबाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी निर्माण ब्यावसायी बाट कार्य गराएको अवस्थामा रु.६४५५१२५। भुक्तानी गरेको छ । कानुनमा उल्लेखित ब्यबस्था अनुसार कालोसूचिमा राख्न सिफारिश गरेकी प्रमाण्ण सहित कानुनको पालना बेगर खर्च लेखेको रकम नियमित गर्नुपर्ने रु.

| भौ.नं.।मिति | आयोजनाको नाम | कामको बिबरण | खुद काम | भुक्तानी रकम | फर्मको नाम |
|---|---|---|---|---|---|
| ६९-०७८-९-२२ | जडाङ्गामना अन्तर पालिका सडक निर्माण उ.स | ट्र्याक खोल्ने | 4290965 | 3395000 | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ८८-०७८-१०-२४ | खेतिपातल देखी नुवाकोट सडक निर्माण उ.स | ट्र्याक खोल्ने | 631079 | 480000 | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ११३-०७८-११-०४ | नियाडा पाटा सडक निर्माण योजना | ट्र्याक खोल्ने | 940852 | 690000 | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| ११६-०७८-११-०४ | धटालेश्वरी आधार बिध्यालय | फिल्ड निर्माण | 542950 | 480000 | डि.बि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स |
| १२५-०७८-११-१० | कैलाशमाण्डी मन्दिर बिधुत लाईन बिस्तार उ.स | बिधुतिय कार्य | 485465 | 388000 | पानस कन्स्ट्रक्सन |
| २४१-०७९-०१-०५ | बिजुली बिस्तार | बिधुतिय कार्य | 318425 | 254125 | पानस कन्स्ट्रक्सन |
| २६५-०७९-१-०७ | जुगाडा पिप्से सडक निर्माण | ट्र्याक खोल्ने | 608451 | 480000 | बेतालमाण्डौ निर्माण सेवा एण्ड अर्डर सप्लायर्स |
| ३९७-०७९-३-२५ | झराउले रतुडा हुदै लवाकोट चुधी सडक | सडक निर्माण | 391791 | 288000 | न्यू प्रकाश डि.वान कन्स्ट्रक्सन |
| | जम्मा | | | 6455125 | |

कायम भएको बेरूजुको सम्वन्धमा लेखा समितिबट फायल अध्ययन गरी पेश गरिएको निर्णय बमोजिम प्राविधिक्रको राय सुझाव बमोजिम जटिल कार्य डोजरबाट गर्ने गरी लागत अनुमान तयार भएको, उपभोक्ता समितिले निर्माण व्यवसायीलाई सम्झौता गरी ठेक्कामा लगाईएको नभई डोजरको स्वामित्व भएका व्यक्ति, फर्मसँग प्रति घण्टाका दरले रकम भुक्तानी गर्ने गरी निर्माण कार्य गराइएको, उ.स.ले व्यहोर्नु पर्ने लागत सहभागितको कार्य समेत गरिएको देखिएको, पालिकाको न्यून पूँजीगत बजेटबाट चाँडो र धेरै जनतालाई लाभ दिनु पर्ने पालिकाको बाध्यताका कारण उ.स.बाट काम गराइएको एवं निर्माण कार्य गर्दा आईपर्ने जग्गा विवादहरूको समेत उचित निराकरणका लागि कार्य गरिएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको कुराको पुष्याई गर्ने प्रर्याप्त आधार र कारण सहित कार्यालय प्रमुखले त्यस्तो खर्च नियमित गरी बेरूजु फस्यौट तथा फरफारख गरी दिन सकिने व्यवस्था बमोजिम थप हानी नोक्सानी नभएकोले सो बेरूजुलाई फछौंट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**८. बेरूजु दफा नं. ३३ : स्विकृत कार्यक्रम वेगर खर्च** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम अख्तियार प्राप्त भएको रकम स्वीकृत बजेटको परिधिभित्र रही प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्ने, दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत, सीमा र शीर्षक बाहिर गइ बजेट खर्च गर्न नपाइने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित ब्यबस्थाको पालना नगरी निम्नानुसार कार्यक्रम शीर्षक बाहिर गइ बजेट खर्च गरेको, कार्यक्रम संसोधन सभाबाट नभई कार्यपालिकाले पटक पटक निर्णय गरी खर्च गरी रु.२४३०८४७। खर्च गरेको छ । कार्यक्रममा नभएको खर्च कार्यक्रम संसोधन नगरी अन्य कार्यमा खर्च गरेको अनियमित देखिएको रु.

| भौ.नं./मिति | फर्मको नाम | भएकोकामको विवरण | स्विकृत कार्यक्रम | खर्च रकम |
|---|---|---|---|---|
| ३०७-०७९-३-२५ | हरिस कन्स्ट्रक्सन | बालमन्दिर भवन मर्मत | प्रशासनिक भवनको तला थप | 697492 |

| | | | | |
|---|---|---|---|---|
| ४३-०७८-८-१२ | हेमराज उपाध्याय | बाली कटानी कार्यक्रममा TADA | ब्यबसायिक कृषि फर्म संचालन गर्ने कृषकसंग लागत साझेदारी अनुदान | 26342 |
| ३७८-०७९-३-२८ | पानस कन्स्ट्रक्सन | कैलाशेश्वरी मा.बि को प्याराफिट वाल निर्माण | मना बृहत सिचाई कुलो निर्माण | 622367 |
| ३७९-०७९-३-२८ | एल.बि कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | कैलाशेश्वरी मा.बि को प्याराफिट वाल निर्माण | मना बृहत सिचाई कुलो निर्माण लगायत दुई अन्य कार्यमा बचत भएको रकम | 162722 |
| १६१-०७८-११-२८ | सौगात निर्माण सेवा | कार्यालय भवनको पार्टेशन कार्य | प्रशासनिक भवनको तला थप | 472628 |
| २२३-०७८-१२-१९ | रतुडा झाल्या सडक मर्मत उ.स | रतुडा झाल्या सडक मर्मत | मार्तडी बुढाकोर्ध सडक निर्माण | 449296 |
| | | जम्मा | | 2430847 |

पालिकामा बार्षिक बजेट तर्जुमाको समयमा आवश्यकता महशुस नभएका तर पछि काम गर्ने सन्दर्भ एवं समय-समयमा सृजना भएका विभिन्न समस्याको समाधानको लागि कार्यपालिका बैठकबाट निर्णय भएको, हिउँदे नगर सभा र बजेट सभाबाट कार्यपालिकाबाट भए गरेका सबै निर्णय अनुमोदन गरिएको, यसरी बजेट शिर्षकमा नपरेको कार्यक्रममा खर्च नहुने कानुनी ब्यवस्थाको आगामि दिनमा पूर्ण रुपमा पालना हुनुका लागि निर्देशन दिने तथा खर्च भई सकेको काम तथा कार्यक्रमको सही सदुपयोग भएको देखिएकोमा उक्त खर्च आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको कुराको पुष्याई गर्ने प्रर्याप्त आधार र कारण सहित लेखा समितिबाट समेत निर्णय भई प्राप्त भएको खर्च गर्न तत्कालिन अवस्थामा अनिबार्य रहेको देखिएकोमा सरकारी हानी नोक्सानी भएको नदेखिएकोमा सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**९. बेरूजु दफा नं. ३६ : योगदानः** सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७८ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्थाअनुसार निम्नानुसार निर्माण कार्यमा प्रदेश सरकाबाट प्राप्त बजेटबाट रु ३६५३६३४। खर्च गरेकोमा उल्लेखित ब्यवस्था अनुसार रु. १४६१४५४। प्रदेश समपुरकबाट खर्च लेख्नुपर्नेमा पुरै रकम प्रदेश समपुरकबाट लेखेकोले कार्यविधिभन्दा बढी खर्च लेखेको रु २१९२१८०। प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको

| गो भौ नं मिति | योजनाको नाम | योजनामा भुक्तानी भएको रकम | प्रदेश समपुरक अनुदान खर्च | प्रदेश समपुरकबाट बढी खर्च लेखेको रकम |
|---|---|---|---|---|
| २९८-०७९-१-२३ | जिल्ली माउलेख सिराडी सडक निर्माण | 1759418 | 1759418 | 1055651 |
| ३४७-०७९-३-१७ | मार्तडी बुढाकोर्ध सडक निर्माण | 1894216 | 1894216 | 1136529 |
| जम्मा | | 3653634 | 3653634 | 2192180 |

बडीमालिका नगरपालिका जिल्ला सदरमुकामको नगरपालिका भएता पनि यसको आन्तरिक आयस्रोत नगन्य रहेको, वडाहरूमा तत्कालिन अवस्थामा सडकको पहुँच नभएको, अन्य भौतिक पुर्वाधारको विकास नभएको तथा पालिकामा आउने समानीकरण अनुदानबाट सवै क्षेत्रका समस्या समाधान गर्नु पर्ने वाध्यताका कारण प्रचलित कानुन बमोजिम पालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम भुक्तानी गर्न नसकिएको कार्यालयको प्रतिकृया प्राप्त भएकोले प्रदेश समपुरक अनुदानमा लागत साझेदारीको रकम नगरपालिकाबाट भुक्तानी गर्न नसकिएको तर उक्त निर्माण कार्यको सन्तोषजनक भएको एवं कानुनी व्यवस्था बमोजिम नगरपालिकाको अंश लागत साझेदारी बजेट न्यून भई अभावका कारण नभएतामा पनि अन्य सरकारी हानी नोक्सानी नभएकोले उक्त २१९२१८० असुल गर्नु पर्ने भनि वेरूजु कायम भएता पूँजीगत खर्च भएको र पालिकाबाट फजुल खर्च गरेको वितरणमुखी कार्य नभएकोले असुल गर्नु पर्ने बेरूजुबाट नियमित गर्नु पर्ने बेरूजु सार्ने मनासिव देखिएको र आगामि दिनमा लागत सहभागितको अंशलाई ख्याल गरी पालना गर्ने प्रतिबद्धता सहित सोहि बमोजिम सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**१०. दफा नं. ४३ : बढी भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ३७९।०७९-०३-२८ मा कैलेश्वरी मावि प्याराफिट वाल निर्माण कार्य गर्नका लागि ठेक्का नं ०३।२०७८।७९ बाट एल बि कन्स्ट्रक्शन एण्ड अर्डर सप्लायर्सलाई सम्झौताबमोजिम रु ६५२७२२ भुक्तानी गरी ठेक्कामा बचत तथा अन्य शीर्षकको बाँकी रकमबाट पुन सोही विद्यालयको थप प्याराफिट वाल निर्माण कार्यको लागत अनुमान तयार गरी गोश्वारा भौचर नं ३७८।२०७९।०३।२८ बाट रु ६२२३६७।९८ खर्च गरेको छ । ठेक्काबाट कम दररेटमा काम भइरहेको अवस्थामा सोही स्थानमा समान कार्य गर्न दिंदा भेरिएसन गरी थप कार्य गराउनुपर्नेमा पुनः लागत अनुमान तयार गरी सोही कार्य गराउँदा कार्यालयलाई रु २८६४९४ थप व्ययभार परेको छ । थप व्ययभार पर्नेगरी लागत अनुमान तयार गरी कार्य गराउने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्ने रु.

| कामको विवरण | ठेक्का दर | पछि तयार भएको लागत दर | फरक | खुद काम (घमि) | थप व्ययभार (मुअकर समेत) |
|---|---|---|---|---|---|
| Earthwork excavation in parapet foundation in soft soil | 150 | 740 | 590 | 32.39 | 21541 |
| Stone masonry work cement sand mortar (1:6) | 5500 | 11080 | 5580 | 42.02 | 264953 |

मा कार्यालयबाट उक्त कार्यका लागि भेरिएसन आदेश जारी गरी निर्माण गराउनु पर्ने उल्लेख गरिएता पनि उक्त निर्माण व्यवसायीले भेरियसनमा काम नगर्ने तथा सम्जौता बमोजिम बाहेकको थप कार्य नगर्ने भएका कारण जवरजस्ती गराउन नसकिएको सम्वन्धित क्षेत्र हेर्नेप्राविधिकको जवाफ आएको कारण ठेक्का बमोजिमको काम सम्पन्न भएको तथा ठेक्कामा घटी कवोल गरी बचत भएको रकमबाट थप अर्को पट्टीको निर्माण कार्य गराइएको कारण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको रकम बमोजिमको निर्माण कार्य भएको देखिएकोले आगामि दिनमा यस्ता विषयलाई कार्यालयले ध्यान दिन निर्देशन दिनु पर्ने र उक्त असुल गर्न उल्लेख गरिएको रकम असुल हुन नसक्ने एवं स्वीकृत लागत अनुमान बमोजिमको निर्माण कार्य सम्पन्न भएको देखिएकोले असुल नभई नियमित हुनु पर्ने देखिएकोले सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**११. बेरूजु दफा नं. ४८.३ समुदाय स्वलगानी –** अवधारणा पत्र अनुसार प्रति लाभग्राही रु १०००। वा १० प्रतिशतमा नवढने गरी स्व लगानी वापत सेवा प्रदायकलाई तिर्नु पर्ने व्यवस्था छ । कार्यालयले लाभग्राहीवाट रु १०००। वा १० प्रतिशत प्राप्त भएको विवरण पेश गरेको छैन । खरिद भएका २००० गोटा चुल्हो वापत लाभग्राहीवाट प्रति चुल्हो रु १०००। का दरले रु २००००००। स्वलगानी गरेको प्रमाण पेश गर्नुपर्ने भनि बेरूजु कायम भएको सन्दर्भमा सुधारिएको चुलोमा युनिसेफको लगानी र स्वयं लाभग्राहीको प्रति चुलो १००० का दरले व्यहोर्नु पर्ने रकम हस्कपावर

नेपाल प्रा.लि.लाई ठेक्का विलको भुक्तानी गर्नु पर्ने रकम वडा सचिवले सम्बन्धित फर्मलाई रकम जम्मा गरेको IPS संलग्न राजिएको रु १२,९६,०५४ दाखिला गरिएको प्रमाण पेश भएकोमा सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**१२. बेरुजु दफा नं.९१.२** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन प्रकृया संचालनको लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रले मिति २०७८।१२।१९ मा कार्यक्रम कार्यान्वयनको लागि गरेको परिपत्र अनुसार एउटा कार्यक्रमको लागि विनियोजन गरेको रकम अर्को कार्यक्रममा खर्च गर्न नपाईने, कार्यक्रम कार्यान्वयनको प्रगति विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने, स्थानीय तहवाट नियमित अनुगमन तथा प्राविधिक सहायता उपलव्ध गराउनु पर्ने, क्रियाकलाप कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसारको प्रकृया अवलवम्वन गर्नुपर्ने तथा कार्यक्रमको कार्यान्वयन पश्चात निकासा रकमको लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षणको दायित्व सम्बन्धित विद्यालयको हुने व्यवस्था छ । पालिकाले निम्नानुसारको विद्यालयलाई नमुना विद्यालय, आईसिटि ल्याव स्थापना तथा सुदृढिकरण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणको लागि निम्नानुसार रकम उपलव्ध गराएकोमा अनुगमन प्रतिवेदन प्राविधिक मूल्यांकन लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण पेश नगरेकोले पेश हुनुपर्ने रु.

| भौ नं मिति | विद्यालयको नाम | लागत अनुमान | निकासा रकम |
|---|---|---|---|
| १८-२०७९।३।२० | खातिविता आधारभूत विद्यालय | २२८४७६८ | १८००००० |
| १८-२०७९।३।२० | चोयाकोट मावि चोयाकोट | लाई नभएको | ३६००००० |
| २२-२०७९।३।२० | लक्ष्मी मावि जिल्ली | ४६९८१८६ | ३६००००० |
| ३१-२०७९।३।२० | मष्टेश्वरी आधारभूत विद्यालय | २२६९६९८ | १८००००० |
| जम्मा | | | १०८००००० |

विद्यालयहरुले विद्यालय भवन विर्माण कार्य सम्पन्न गरी प्राविधिक प्रतिवेदन, उपप्रमुखको संयोजकत्वमा रहेको समितिबाट गरिएको अनुगमन, खर्चका विल भरपाई सहितका सम्पूर्ण कागजात, सामाजिक लेखापरीक्षण प्रतिवेदन सहितका खर्चका कागजातहरू पेश भएकोमा सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**१३. बेरूजु दफा नं.९२.४ : नि:शुल्क पशु स्वास्थ्य शिविर –** कार्यालय गोश्वारा भौचर नंबर २००।२०७८।०९।१३ र ६०३।२०७९।३।२ बाट निशुल्क आन्तरिक तथा बाह्य परजिवी नियन्त्रण र खा०प कार्यक्रम (औषधि खरिद) सञ्चालन गर्न साउँद एग्रोभेट सेन्टर बुढीगंगाबाट रु ३०००००।०० को पशु औषधी २ पटक खरिद गरेको बिल संलग्न भएकोमा पशु औषधी प्रयोग विवरण पेश नभएको तथा खर्चको साथ संलग्न कागजातमा कार्यक्रम कहिले, कहाँ, कसरी सञ्चालन भयो सो समेत नखुलेकोले केस रजिष्टर सहित खर्चको वास्तविकता यकिन गर्नुपर्ने भवि बेरूजु उल्लेख गरिएकोमा वडा नं. ६ पशु शिविर संचालन गरिएको तथा पालिका क्षेत्रमा पशु रोग लागेका पशुहरूको उपचारका लागि खरिद गरिएको औषधी भएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ८९ को उपनियम १ मा कार्यालयको नाममा कायम भएको बेरूजुमध्ये प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको र सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको देखिएकोमा सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**१४. बेरूजु दफा नं. १६.१ :** संचित कोष फिर्ता गर्नुपर्ने : को.ले.नि.का बाट प्राप्त दातृ निकायगत बजेट निकासा र कार्यालयको सुत्र सफ्टवेयरको श्रोतगत खृच प्रतिबेदन अनुसार सर्शत विशेष र समपुरक र प्रदेश सर्शत विशेष र समपुरक शिर्षकमा निम्नसार मौज्दात रहेकोमा लेखापरीक्षणले औल्याइएको रु ४१३६८१९६३।४६ संघीय संचति कोषमा फिर्ता गर्नु पर्ने बाँकी ३,१७६६४३३ बाँकी रकम स्थानीय संचित कोषमा राखेको देखिएकोले सम्वन्धित सरकारको संचित कोष फिर्ता दाखिला हुनु पर्ने भनि बेरूजु कायम भएको सन्दर्भमा चालु आ.व.को समानीकरण अनुदानबाट उक्त संघ र प्रदेशमा फिर्ता गरिएको भौचर र कोलेनिका बाजुराबाट रकम दाखिला गरिएको पत्रका आधारमा सो बेरूजुलाई फछ्र्यौट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**१५. बेरुजु दफा नं. ४.३ : कर्मचारी करार :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो तहले आफ्नो तहले आफ्नो अधाकर क्षेत्र र कार्यवोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने रअस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले शहरी स्वास्थ्य केन्द्रमा २० जना, नगर स्वयंसेवक शिक्षक ४८ जना र अन्य ११ जना समेत ७९ जना कर्मचारीहरू करारमा राखी २,१९,६१,००० खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्वर, इलेक्टिसियन, चौकिदार, माली बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको शहरी स्वास्थ्य केन्द्रमा विभिन्न पदमा २० जना करार नियुक्ती गरी बर्षभरीमा ४२२३००० भुक्तानी गरेको अनियमित देखिएको नेपालको संविधान २०७२ को अनुसूची ८ मा तोकिए २२ वटा अधिकारी मध्ये आधारभूत स्वास्थ्य स्थानीय सरकारको एकल अधिकार सूचीमा परेकोले उक्त अधिकार भित्र रही गाउँ गाउँका जनताहरूलाई आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि संघीय सरकारबाट कुनै संचरना नबनाएको, दरबन्दीको समेत स्वीकृत नगरिएका कारण प्रत्येक वडामा शहरी स्वास्थ्य केन्द्रको थापना गरी स्वास्थ्य सेवा प्रबाह हुदै आएकोमा सो सेवाका लागि स्वास्थ्य सेवा जस्तो संवेदनशिल क्षेत्रमा करारमा नियुक्ती गरिएकोमा उक्त बेरूजुलाई नियमित गरी फछौट गर्ने एवं सो बेरूजुलाई छौंट गरी नियमित गर्ने र सम्परीक्षण सहित लगत कट्टा गरी दिन हुन महालेखापरीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

गत आ.व.२०७५।०७६ देखि २०७७।०७८ सम्मको बेरूजुलाई नियमित गर्नु पर्ने बेरूजु नियमित गर्ने, प्रमाण पेश गर्ने बेरूजुको हकमा प्रमाण पेश भई सकेकोले उक्त बेरूजुलाई फछ्र्यौट गरी नियमित सम्परीक्षण गर्ने एवं बेरूजु लगत कटौतीका लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## आ.व.२०७७/७८ तर्फ

**बेरुजु दफा नं . ९ :** करार कर्मचारी तर्फ :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले शहरी स्वास्थ्य केन्द्रमा २० जना, नगर स्वयम सेवक शिक्षक ४८ जना समेत ६८ जना कर्मचारीहरु करारमा राखि रु.१२९२४१०४ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको शहरी स्वास्थ्य केन्द्रमा विभिन्न पदमा २० जना करार नियुक्ति गरी बर्षभरीमा रु.१२२३०००.० भुक्तानी गरेको अनियमित देखिएको भनि बेरुजु कायम भएकोमा नेपालको संविधानमा सरकारका कामहरुको विभाजन गरिएकोमा सोही बमोजिम आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्य स्थानीय सरकारको एकल अधिकार सूचीमा पर्ने भएकोले उक्त संबैधानिक दायित्व पुरा गर्नका लागि हरेक नागरिकालाई आधारभूत स्वास्थ्य सेवा पुर्याउनेका लागि वडाहरुमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरी प्रशुति सेवा समेत उपलव्ध हुँदै आएकोमा सो कार्य गर्न जनशक्ति विना सम्भव नभएको कारण अति आवश्यक भई न्यूनतम संख्यामा कर्मचारीको व्यवस्था गरी सेवा दिइएकोमा कुनै सरकारी हानी नोक्सानी नभएको तथा संघबाट कर्मचारीको व्यवस्था नभएको कारण नगरसभाबाट दरबन्दी सृजना गरी चालु बजेटबाट वजेट विनियोजन गरी व्यवस्था गरिएकोमा उक्त बेरुजु रकमलाई फर्छौट गरी बियमित गर्ने र संघीय सरकारबाट स्थायी कर्मचारीको व्यवस्था भएमा सोतह: नरहने गरी प्रतिस्प्रर्धाका आधारमा नियुक्ती गरिएको कारण उक्त बेरुजु लेखा समितिबाट फर्छौट गरी नियमित भई प्राप्त भएको बेरुजुलाई नियमित गर्ने निर्णय गरियो ।

**बेरुजु दफा नं.२० : समपूरक अनुदान** सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये चालिस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी नगरपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन । कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी गर्नुपर्ने रु

| स्रोत | योजनामा कुल खर्च रकम | नगरपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम |
|---|---|---|
| नेपाल सरकार समपूरक अनुदान | १०९४४ | ५४७२ ( पचास प्रतिशत) |
| प्रदेश सरकार समपूरक अनुदान | १५००० | ९००० ( साठी प्रतिशत) |
| जम्मा | २५९४४ | १४७४२ |

बडीमालिका नगरपालिका जिल्ला सदरमुकामको नगरपालिका भएता पनि यसको आन्तरिक आयस्रोत नगन्य रहेको, वडाहरुमा तत्कालिन अवस्थामा सडकको पहुँच नभएको, अन्य भौतिक पुर्वाधारको विकास नभएको तथा पालिकामा आउने समानीकरण अनुदानबाट सवै क्षेत्रका समस्या समाधान गर्नु पर्ने बाध्यताका कारण प्रचलित कानुन बमोजिम पालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम भुक्तानी गर्न नसकिएको कार्यालयको प्रतिकृया प्राप्त भएकोले संघ तर्फको ५४७२००० र प्रदेश तर्फो ९०,००,००० समपुरक अनुदानमा लागत साझेदारीको रकम नगरपालिकाबाट भुक्तानी गर्न नसकिएको तर उक्त निर्माण कार्यको सन्तोषजनक भएको एवं कानुनको परिपालना नभएता पनि अन्य सरकारी हानी नोक्सानी नभएकोले उक्त १ करोड ४७ लाख ४२ हजार असुल गर्नु पर्ने भनि वेरुजु कायम भएता पूँजीगत खर्च भएको र पालिकाबाट फजुल खर्च गरेको नभएको, सरकारी हानी नोक्सानी नभएको तर प्रचलित कानुनको परिपालना बमोजिम ५०% रकम नगरपालिका स्रोतबाट खर्च लेख्नुपर्नेमा सम्पूर्ण खर्च संघ र प्रदेश सरकारबाट प्राप्त रकमबाट मात्र भएकोले उक्त बेरुजु फर्छौट गरी नियमित गर्ने विर्णय गरियो ।

**बेरुजु दफा नं.५७:** २७६/२०७८/३/२१ सशर्त कार्यक्रमको सिरियल नम्बर २० मा फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण अभियान (५० प्रतिशत अनुदान) कार्यक्रममा नगरपालिकाले सञ्जिवनी सप्लायर्ससँग सम्झौता गरी विरुवा खरिद तथा वितरण गर्ने भनिएकोमा उक्त संस्थाले विभिन्न ठाउँबाट च्यालेन्दर ओखर,दाते ओखर,किवि र स्याउको विरुवाको रु.१५७१२५०.० मा खरिद गरेकोमा सम्झौता तथा नियमानुसार कृषकले व्यहोर्नुपर्ने ५० प्रतिशतले हुने रु.७८५६२५।मात्र भुक्तानी हुनुपर्नेमा रु.१४७०१५०.० भुक्तानी भएकोमा रु. ६८४५२५.० बढी भुक्तानी सम्बन्धित कार्यक्रम सञ्चालकलाई जिम्मेवार वनाई नियमसम्मत नदेखिएको भनि बेरुजु कायम भएकोमा किसानलाई ५०% रकम माग गर्दा कुनै पनि किसानहरुले विरुवा नलिएको तथा किसानहरुले रकम तिरेर बिरुवा रोपण गर्न सक्ने हैसियत नभएको कारण तत्कालिन समयमा वडाहरुले वडाको बजेटमा नै व्यवस्था गरी उक्त कार्यक्रममा साझेदारी गरी किसानले व्यहोर्ने रकम वडाको बजेटबाट व्यहोरिएको व्यहोरा लेखापरीक्षण समयमा प्रस्टिकरण नगरिएका कारण बेरुजु कायम भएकोमा सो समयमा वितरण गरिएका ओखरका विरुवा वृद्धि भई रहेकामा केही बर्ष पछि उत्पादन दिन शुरु हुने भएकोले उक्त बेरुजु फर्छौट गरी नियमित गर्ने निर्णय भई लेखा समितिबाट प्राप्त भएकोमा उक्त बेरुजुलाई फर्छौट गरी नियमित गर्ने निर्णय गरियो ।

**बेरुजु दफा नं. ४५ :** डोजर प्रयोगको बिल: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले देहायका उपभोक्ता समितीलाई डोजरबापत निम्नानुसार रकम भुक्तानी गरेकोमा, डोजर

Scanned with CamScanner

प्रयोगको घटी बिजक पेश गरेकोले, बिजक पेश नभएको रु.२१७७०९१.० को बिजक सम्बन्धितबाट पेश हुनुपर्ने अन्यथा उपभोक्ताको योगदान अंश कट्टा गरी असुल गर्नुपर्ने रु

| भौ.नं/मिती | उपभोक्ताको नाम | डोजर बापत भुक्तानी भएको रकम (दर विश्लेषणका आधारमा) | डोजरको बिल पेश भएको (मू.अ.कर बाहेकको रकम) रु | घटी बिल पेश भएको रु |
|---|---|---|---|---|
| २८०/२०७७/१२/२७ | जडङ्गा कोर्ध सडक निर्माण उ.स, वडा नं ६ | ४२७४१३.० | १०००००.० | ३२७४१३.० |
| ३९५/२०७८/२/१८ | रिला सडक स्तरोन्नती उ.स, वडा नं ४ | ७६०९४०.० | १०००००.० | ६६०९४०.० |
| ६१६/२०७८/३/२७ | झराउल रतुडा सडक (दोश्रो खण्ड) निर्माण उ.स | २२५९९९३.९ | १६८१४१६.० | ५७८५७७.० |
| ६१३/२०७८/३/२६ | झराउल रतुडा सडक (पहिलो खण्ड) निर्माण उ.स | ३५५२५३९.० | २९४२४७८ | ६१०१६१.० |

उपभोक्ता समितिबाट डोजर मालिकले डोजर प्रयोग गरी सडक निर्माण कार्य गरे बापतको डोजरको भाडा भुक्तानी लिएको भरपाई पेश भएको र उक्त भरपाई बमोजिमको बहाल कर बापतको रकम समेत दाखिला गरिएकोमा सो बेरूजु फछौंट गरी नियमित गर्ने निर्णय भई लेखा समितिबाट प्राप्त बेरूजुलाई फछौंट गरी वियमित गर्ने विर्णय गरियो ।

**बेरुजु दफा नं. ६८ :** जिल्ला प्रशासन कार्यालय बाजुराको च.नं. ३३८८ मिति २०७८।२।९ को पत्र वमोजिम मिति २०७८।२।६ को समन्वय बैठकबाट जिल्लामा पिसिआर प्रयोगशाला सञ्चालन गर्ने जिल्ला स्तरमा एउटा कोषको स्थापन गर्ने र उक्त कोषमा सबै स्थानीय तहलेरु १० लाख मध्ये कम्तिमा ६०% ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम २०७८ भाद्र मसान्तभित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जिम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले ६ लाख मिति २०७८।२।१० गते जिल्ला विपद व्यवस्थापन समितिको खाताम जम्मा हुने गरी रकम पठाएको छ। जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि २०७८ आस्विन १५ गतेसम्म पिसिआर प्रयोगशाला संचालनमा आएको छैन । नगरपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तर्गत विविध खातामा रही रहेको छ । जिल्लामा पिसिआर प्रयोगशाला संचालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नु पर्ने भनि बेरूजु कायम भएकोमा जिल्लामा पिसिआर मेसिन सञ्चालनमा आई सकेको पत्र समेत प्राप्त भएको र भौतिक रुपमा समेत निरीक्षण गर्दा सञ्चालनमा रहेकोले उक्त ६ लाख बेरूजु फछौंट गरी नियमित गर्ने निर्णय गरियो ।

आ.व.२०७७।७८ को बेरूजु फछौंट १ करोड ९४ लाख २६ हजार ६ सय १६ रुपैया तथा आ.व.२०७८।७९ को बेरूजु मध्ये ६,५९,५५,६१७ रकम गरी जम्मा ८ करोड ५३ लाख ८२ हजार २ सय ३३ रुपैया फछौंट गरी नियमित गरिएकोमा उक्त बेरूजुको सम्परीक्षण गरी बेरूजु लगत कट्टाका लागि प्रचलित सूचना प्रविधिको प्रयोग गरी NAMS सिस्टमबाट अपलोड गरी प्रकृया तत्काल अगाडि बढाउन कार्यालयले निर्देशन दिने तथा यसको प्रगति आगामी नगरसभामा पेश गर्नु पर्ने ।

Scanned with CamScanner